का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० पुस २०८१,
बुधबार
25 December, 2024
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ३०६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# हिरासतबाटै पार्टी चलाउँदै रवि





निलम्बनमा पर्नु भनेको पद खालि हुनु होइन । यस कारण संसदीय दलको नेता के हुन्छ भन्ने प्रश्न छैन

**गणेश कार्की**
**केन्द्रीय सदस्य, रास्वपा**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ पुस ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को आन्तरिक संरचनामा समस्यामा परेको छ। पार्टी सभापति रवि लामिछाने सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधका अभियुक्त बनेपछि मूल नेतृत्व नै कार्यबाहक जिम्मेवारीमा पुगेको हो ।

पार्टी प्रवक्ता, पार्टी महामन्त्री र पार्टी सभापति कार्यबाहक छन् । सोमबार मात्र पार्टीको सभापतिमा कार्यबाहक जिम्मेवारी डोलप्रसाद अर्यालले पाएका पृष्ठ २ मा

# एस प्रवेशमा उचालिए वामदेवका खुट्टा



**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ पुस ।

नेकपा विभाजनपछि 'नेकपा एकता राष्ट्रिय अभियान'का नाममा निष्क्रियप्राय: बसेका वामदेव गौतम अहिले नेकपा (एकीकृत समाजवादी)मा प्रवेशका लागि प्रयासरत छन् । नेकपा एसको भर्खरै सम्पन्न स्थायी कमिटी बैठकपछि उनी अध्यक्ष माधवकुमार नेपालसँग निरन्तर छलफलमा छन् । छलफलले कुनै ठोस निष्कर्ष निकालिसकेको छैन तर वामदेवले भने अभियानका तर्फबाट वार्ताका लागि ३ सदस्यीय समिति नै बनाइसकेका छन् ।

अभियानका महासचिव डी. बी. कार्कीको नेतृत्वमा ३ सदस्यीय वार्ता समिति बनाएको हो । महासचिव कार्कीका अनुसार कार्कीकै नेतृत्वमा सचिव भगवती विष्ट र स्थायी कमिटी सदस्य लोकनाथ धमला रहेको वार्ता समिति बनाइएको छ ।

नेपालका सबै कम्युनिस्ट पार्टीलाई एक बनाउने अभियान घोषणा गरेका वामदेवले एकताको पहिलो प्रयास नेकपा एससँग गरेका छन् । गौतम निकट स्रोतका अनुसार वार्ता समितिले पार्टी एकताको सैद्धान्तिक-राजनीतिक र संगठनात्मक एकीकरणको विषय टुंग्याउने छ । नेकपा एसले भने यस पिषयमा कुनै आधिकारिक धारणा सार्वजनिक गरेको छैन ।

## भूमिकाबारे अस्पष्टता

वामदेव गौतमलाई पार्टीमा भित्र्याउँदा उनको पार्टीभित्रको हैसियत के ? भन्ने प्रश्न पनि उठ्न थालेको छ । राजनीतिक हिसाबले र नेपाली कम्युनिस्ट आन्दोलनका अग्रणीका आधारमा पनि गौतमको हैसियत पार्टीमा अहिले जिम्मेवारीमा रहेका धेरैको भन्दा माथि हुनुपर्ने आँकलन धेरैको छ । यद्यपि, 'एकता'का नाममा उनको नेकपा एस प्रवेशलाई सो पार्टीले कसरी सम्बोधन गर्छ भन्ने चासो आमजनमा छ ।

यसैबीच पार्टीका विभाग र इन्चार्जको जिम्मेवारी महाधिवेशनको ५ महिनापछि भर्खर मात्र टुंग्याएको नेकपा एसको जिम्मेवारी विभाजनमा सम्मानित नेता झलनाथ खनालले असन्तुष्टि जनाएका छन् । उनले आफू बिरामी भई आराम गरिरहेको समयमा बैठक राखी जिम्मेवारी बाँडफाँट टुंग्याएको भन्दै त्यसप्रति घुमाउरो असन्तुष्टि व्यक्त गरेका हुन् ।

यही बेला वामलेव गौतमलाई पार्टीमा भित्र्याउँदा खनाललगायतका बरिष्ठ नेताहरूको प्रतिक्रिया के हुन्छ ? भनेर पनि राजनीतिक वृत्तमा चासो छ ।

अहिले वामदेवलाई पार्टीमा भित्र्याउँदाको धेरै ठूलो लाभ नेकपा एसलाई नदेखिए पनि आगामी निर्वाचनमा केही मत बढ्न सक्ने पृष्ठ २ मा

# टुक्रे बजेट छर्दै कोशी

## स्थानीय जनप्रतिनिधि नै बजेट विनियोजनबारे बेखबर



टुक्रे बजेटबाट प्रदेश सरकारको बजेट प्रणाली नै प्रभावित भएको छ

● **रामबहादुर मगर**
**मन्त्री, आर्थिक मामिला तथा योजना**



कुन तहको सरकारले कस्तो खालको बजेट बनाउने भन्ने अझै पनि प्रस्ट हुन सकेको छैन

● **प्रा. डा. अर्जुनकुमार बराल**
**कार्यकारी निर्देशक, सेडा**



तिरिङ खानेपानी आयोजनाका लागि केका लागि बजेट दियो हामीलाई नै थाहा छैन

● **गोपाल बुढाथोकी**
**मेयर, मेचीनगर नगरपालिका**

**जुनु भट्टराई/मध्यान्ह**
विराटनगर, ९ पुस ।

टुक्रे बजेट विनियोजन गर्ने संघीय सरकारको प्रवृत्ति प्रदेश सरकारमा पनि सरेको छ । कतिसम्म भने, प्रदेश सरकारले साना र कम महत्त्वका कार्यक्रमलाई पनि बजेटमा ठाउँ दिएको पाइएको छ ।

कोशी प्रदेशको सूर्योदय नगरपालिका- २ इलाममा चामेकली सिँचाइ योजनाको नाममा विनियोजित बजेटलाई लिन सकिन्छ । आर्थिक वर्ष २०८०/०८१ को बजेटमार्फत प्रदेश सरकारले उक्त सिँचाइ योजनालाई ५ हजार रुपैयाँ विनियोजन गरेको छ ।

त्यसैगरी जोगमाई गाउँपालिका- २ मा जोगमाई सिँचाइ योजनालाई पनि ५ हजार रुपैयाँ विनियोजन भएको छ ।




मेचीनगर- २ झापामा नन्दा खानेपानी आयोजनालाई खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले १० हजार रुपैयाँ बजेट विनियोजन गरेको छ । आर्थिक वर्ष २०८०/०८१ को बजेट र रातो किताबमा उल्लेख भएअनुसार ६२ वटा झिनामसिना कार्यक्रम तथा आयोजनाका नाममा १० हजार रुपैयाँका दरले बजेट विनियोजन भएको छ ।

सयौंको संख्यामा ५० हजारदेखि १ लाखका कार्यक्रम र परियोजनाको नाममा बजेट विनियोजन गरिएको छ ।

पलिका स्तरबाट नै सम्पन्न गर्न सक्ने कार्यक्रम तथा परियोजनालाई प्रदेश सरकारले साना र टुक्रे बजेट दिएको हो ।

पालिका स्तरबाटै सम्पन्न गर्न सकिने साना परियोजना तथा कार्यक्रमहरूलाई पृष्ठ २ मा

# एकै पटक स्ववियु चुनाव गराउने तयारीमा त्रिवि



**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ पुस ।

त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन देशभरका सबै क्याम्पसमा एकै पटक गराउने तयारीमा जुटेको छ ।

मंगलबार रेक्टर खड्ग के. सी.को अध्यक्षतामा बसेको विद्यार्थी कल्याण परिषद्को बैठकले केन्द्रीय निर्वाचन समिति बनाउने र विद्यार्थी संगठनसँग छलफल गर्ने निचोड निकालेको बताइएको छ ।

१५ फागुनमा स्ववियु निर्वाचन गराउने त्रिवि क्यालेन्डरअनुसार निर्वाचन गराउन विद्यार्थी कल्याण परिषद्ले तयारी थालेको बताइएको छ ।

कार्यकारी परिषद् र सिनेटले पास गरेको विषय परिवर्तन गर्न नमिल्ने भएकाले तोकिएकै मितिमा निर्वाचन गराउन छलफल सुरु गरिएको परिषद्ले जनाएको छ ।

स्ववियु निर्वाचन २/२ वर्षमा गर्ने प्रावधान छ । २ पृष्ठ २ मा

## अखिल क्रान्तिकारीको निर्वाचन १३ र १७ गते

अनेरास्ववियु (क्रान्तिकारी)को निर्वाचन तालिका सार्वजपिनक भएको छ । सार्वजनिक तालिकाअनुसार निर्वाचन २ चरणमा हुने छ ।

अनेरास्ववियुले उम्मेदवारहरूको उमेरको हद तथा केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन तालिका मंगलबार सार्वजनिक गरेको हो ।

१० पुसमा सुरु हुने पहिलो चरणको निर्वाचनमा मतदाता नामावली प्रकाशन गरिने छ भने ११ र १२ गते मतदाता नामावलीको दाबी विरोध प्रस्तुत गर्न सकिने छ । १३ गते बिहान १० बजेदेखि ४ बजेसम्म मतदान हुने जनाइएको छ ।

भूगोल र गैरभूगोल गरी ८६ जिल्लामै मतदान केन्द्र रहने अनेरास्ववियुले जनाएको छ ।

दोस्रो चरणको निर्वाचनका लागि १५ पुसमा पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या बढ्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ पुस ।

मंसिर महिनामा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या वृद्धि भएको छ । वैदेशिक रोजगार विभागका अनुसार मंसिर महिनामा ८४ हजार २२६ जनाको वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति भएको छ। गत वर्ष मंसिरमा ६२ हजार १४७ जना गएका थिए ।

गत वर्षको तुलनामा यस वर्ष मंसिरमा २० हजार बढी नेपाली वैदेशिक रोजगारीमा गएका छन् । असोजको तुलनामा कात्तिक महिनामा केही कमी आए पनि मंसिर महिनामा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या बढेको छ ।

नेपालीका मुख्य चाडपर्व दसैं, तिहार र छठ जस्ता पर्व सकेर ठूलो संख्यामा नेपाली वैदेशिक रोजगारीमा हिँडेका हुन् । प्रमुख राजनीतिक दलहरूले स्थिरता, सुशासन र स्वदेशमा नै रोजगारी सिर्जना गर्ने बताए पनि श्रम गर्ने उमेर समूहका कम युवा-युवतीले त्यसमा विश्वास गरेका तथ्यांकले देखाएको छैन । चाडपर्वको महिना कात्तिकमा पनि करिब ५५ हजार नेपाली वैदेशिक रोजगारीमा गएका थिए ।

मंसिरमा म्यानपावर कम्पनीमार्फत २८ हजार ८६८ जना नेपाली वैदेशिक रोजगारीमा गएका छन् । विभागले सार्वजनिक गरेको प्रगति प्रतिवेदनअनुसार मंसिर महिनामा सबैभन्दा धेरै नेपाली कामदार यूएई गएका छन् । मंसिरमा यूएई जान म्यानपावर कम्पनीमार्फत १४ हजार २८ जनाले श्रम स्वीकृति लिएका छन् । उक्त महिनामा २४ हजार ७६९ जना यूएई गएका छन् । कात्तिकमा उक्त संख्या १२ हजार ४८५ थियो ।

साउदी अरेबिया दोस्रो स्थानमा रहेको छ । उक्त मुलुकमा म्यानपावर कम्पनीमार्फत ६ हजार ७५३ जनासहित १८ हजार ११५ जना गएका छन् । सूचीको तेस्रो स्थानमा रहेको कतार जान म्यानपावर कम्पनीमार्फत ३ हजार १११ जना सहित १४ हजार ८४४ जनाको श्रम स्वीकृति भएको छ । कतारमा होटल क्षेत्रको अकुपेन्सी बढे पनि विश्वकप फुटबलपछि नयाँ रोजगारी सिर्जना हुन नसकेको बताइएको छ । पृष्ठ २ मा

## मंसिरमा सबैभन्दा धेरै कामदार पठाउनेमा प्याराडाइज पहिलो

### नीलकमल र एयर किंग्स दोस्रो र तेस्रो

**काठमाडौं/मस–** मंसिर महिनामा ८० म्यानपावर कम्पनीले १०० र त्यसभन्दा बढी कामदार वैदेशिक रोजगारीमा पठाएका छन् । मंसिरमा सबैभन्दा धेरै कामदार पठाउने कम्पनीको शीर्ष स्थानमा प्याराडाइज इन्टरनेसनल प्रा. लि. रहेको छ । उक्त प्रा. लि.ले मंसिर महिनामा ७८१ जना कामदारको श्रम स्वीकृति लिएको छ । यस्तै नीलकमल ह्युमन रिसोर्स प्रा. लि. दोस्रो र एयर किंग्स प्लेसमेन्ट प्रा. लि. तेस्रो स्थानमा छन् ।

**मंसिरमा धेरै कामदार पठाउने म्यानपावर कम्पनी**

प्याराडाइज इन्टरनेसनल प्रा. लि.- ७८१
नील कमल ह्युमन रिसोर्स प्रा. लि.- ६४०
एयर किंग्स प्लेसमेन्ट प्रा. लि.- ४६७
एड्भान्स म्यानेजमेन्ट कन्सल्टचान्ट्स प्रा. लि.- ४०३
दि रिभर ओभरसिज प्रा. लि.- ३९८
अल सेक्युर म्यानपावर रिक्रुटमेन्ट प्रा. लि.- ३७४
एसओएस म्यानपावर सर्भिसेज प्रा. लि.- ३४८
गल्फ म्यानपावर सर्भिस प्रा. लि.- ३४६
स्टारिस एचआर सर्भिस प्रा. लि.- ३१८
साउन्डलाइन्स रिक्रुटमेन्ट प्रा. लि.- ३०९ पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१० पुस २०८१, बुधबार
25 December 2024, Wednesday

### बालकोट हत्या प्रकरण

# बुबा र भाइको हत्या गरेको स्वीकार

**भक्तपुर/मस–** भक्तपुर सूर्यविनायक नगरपालिका-२ बालकोट फिकाधारास्थित भाडाको घरमा कोठाभित्र मृत फेला परेका ५६ वर्षीय कुलप्रसाद आचार्य र उनका कान्छा छोरा २२ वर्षीय प्रवीण आचार्यको हत्या कुलप्रसादकै जेठो छोरा रुपेशले गरेको पाइएको छ। पक्राउपछि रुपेशले बुबा र भाइको हत्या आफूले गरेको प्रहरीसमक्ष स्वीकारेका छन् ।



दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ घर भई हाल जिल्ला हुलाक कार्यालय खोटाङमा निमित्त कार्यालय प्रमुख रहेका कुलप्रसाद आचार्य र उनका कान्छा छोरा प्रवीणको गत शनिबार राति हत्या भएको थियो। हत्यापछि फरार रहेका रुपेशलाई प्रहरीले आज महाराजगञ्जबाट पक्राउ गरेको हो । अपराध अनुसन्धान कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईका अनुसार पक्राउ परेका रुपेशसँग बयान लिने कार्य जारी रहेको छ । उनलाई भक्तपुर प्रहरी परिसर पठाएको उहाँले बताए। 'प्रारम्भिक अनुन्धान र बयान क्रममा बुबा र भाइको हत्या कुलप्रसादकै जेठा छोरा रुपेशले नै गरेको पाइएको छ । बुबा र भाइबाट आफूमाथि तनाव बढेकाले हत्या गरेको उनले स्वीकार गरेका छन्। यसबारे थप अनुसन्धान भइरहेको छ', प्रहरी वरिष्ठ उपरीक्षक भट्टराईले भने ।

जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक माधवप्रसाद बुढाथोकीका अनुसार बुबा र भाइको शनिबार राति हत्या गरेपछि आइतबार बिहान कोठामा ताल्चा लगाएर रुपेश स्कुटरमा फरार भएका थिए। जिल्ला प्रहरी परिसर भक्तपुरले आजै उनीमाथि कर्तव्य ज्यानको कसुरमा म्याद थप गरेर अनुसन्धान अगाडि बढाएको छ । जिल्ला हुलाक कार्यालय खोटाङका निमित्त कार्यालय प्रमुख आचार्य गत मंसिर २८ गते बिदा लिएर छोराहरु बस्दै आएको स्थान बालकोट आएका थिए ।

# क्रिसमस मनाइँदै, सार्वजनिक बिदा



**काठमाडौं/मस–** आज क्रिसमस डे मनाइँदैछ । हरेक वर्ष २५ डिसेम्बरमा येशु ख्रिष्टको जन्मदिनको खुसियाली मनाउने परम्पराअनुसार नेपालसहित संसारभरका क्रिश्चियन धर्मालम्बीले क्रिसमस मनाइँदैछ।

२००० वर्षअघि जेरुसेलमको बेथलेहममा कन्या मारियमको कोखबाट येशुको जन्म भएको मानिन्छ । येशुलाई जिसस क्राइस्ट पनि भनिन्छ । उनले मानव समुदायका लागि पुऱ्याएको योगदानको सम्झनामा इस्वी संवत् चलाइएको विश्वास गरिन्छ ।

क्रिसमस डेका अवसरमा सरकारले आज सार्वजनिक बिदा दिएको छ । 'खीष्टमस' पनि भनिने यस अवसरमा आज देशभरका चर्चमा प्रार्थनालगायत कार्यक्रम गरी येशु खीष्टको सम्झना गरिँदैछ ।

क्रिसमस डेमा येशुको शिक्षा एवं उपदेशको मनन गर्नुका साथै प्रेम प्रकट गर्दै, शुभकामना तथा उपहार आदान-प्रदान गरिन्छ । यस अवसरमा राष्ट्रिय ख्रिष्टियन महासंघले विभिन्न कार्यक्रम आयोजना गरेको छ। क्रिसमसका अवसरमा काठमाडौंको ठमेल, बौद्ध, ललितपुर, भक्तपुर, पोखरालगायत स्थानमा विशेष रौनक छ। क्रिसमस ट्रीलगायतले बजार र ठूला व्यापारिकस्थल सजाइएको छ ।

# मरासिनी 'जेसीज उत्कृष्ट युवा पुरस्कार-२०२४' बाट पुरस्कृत



**इटहरी/मस–** पत्रकार एवं अनुसन्धानकर्ता गोविन्द मरासिनी जुनियर च्याम्बर इन्टरनेसनल नेपाल (जेसीज) 'उत्कृष्ट युवा पुरस्कार-२०२४'बाट पुरस्कृत भएका छन् । मरासिनीलाई पत्रकारिता र स्वतन्त्र लेखनकार्यमार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याएको योगदान स्वरूप 'देशको प्रतिष्ठा बढाउन अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रयास' विधामा उक्त पुरस्कारबाट पुरस्कृत गरिएको हो ।

करिब डेढ दशकदेखि पत्रकारितामा क्रियाशील मरासिनीले मुलतः युवा, पर्यटन, सामाजिक, कला र समसामयिक विषयमा विभिन्न राष्ट्रिय स्तरका पत्रिकाहरू र जर्नलमा अनुसन्धानात्मक लेख लेख्दै आएका छन्। उनी यसअघि संकटमा सक्रिय पत्रकारिता पुरस्कार, सार्क युथ लिडर अवार्ड-२०२२, गण्डकी प्रदेश युवा प्रतिभा पुरस्कार, टान पत्रकारिता पुरस्कार लगायतका पुरस्कारबाट सम्मानित भइसकेका छन् । जेसीजले हरेक बर्ष राष्ट्रलाई उत्कृष्ट योगदान पुर्याउने १० युवालाई उत्कृष्ट युवा पुरस्कारबाट पुरस्कृत गर्दै आएको छ ।

नेपाल जेसीजले सधैंका वर्षभैं यस वर्ष पनि पुरस्कार छनोट समिति बनाएर विभिन्न शाखाबाट सिफारिस उत्कृष्ट युवाहरूलाई छनोट गरी पुरस्कृत गरिएको अध्यक्ष पोखरेलले जानकारी दिए । स्याङ्जा निवासी मरासिनीलाई स्याङ्जाको भीरकोट जेसीजले उक्त पुरस्कारका लागि सिफारिस गरेको थियो ।

मरासिनीसँगै क्रिकेट खेलाडीद्वय करण केसी र रुबिना क्षेत्री, साहित्यतर्फ कुमार सिंह, सामाजिक न्यायको क्षेत्रमा क्रियाशील कविता नेपाल, कलाकारितातर्फ पूर्णबहादुरको सारंगीका चर्चित कलाकार विजय बराल, आर्थिक क्षेत्रमा प्रगति गर्ने राहिव साहीवाला, विज्ञान प्रविधितर्फ कपिली खनाल र संगीततर्फ सरोज श्रेष्ठ पनि पुरस्कृत भए । पुरस्कृत युवालाई जेसीजको ५१ औं राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहमा प्रधानमन्त्री केपी शर्मा ओली, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की र नेपाल जेसीजका राष्ट्रिय अध्यक्ष पोखरेलले प्रमाणपत्र, नगद पुरस्कार र मेडल सहित पुरस्कृत गरे ।

# ताप्ली ३ 'बालमैत्री वडा' घोषित




**उदयपुर/मस–** उदयपुरको विकट पहाडी गाउँपालिका ताप्लीको-३ नं. ईनामे 'बालमैत्री वडा' घोषित भएको छ। स्थानीय शासन अवलम्बनका विभिन्न ५१ सूचकहरू पूरा गरेसँगै वडालाई बालमैत्री घोषित गरिएको हो ।

जम्मा ६ सय ४२ घरधुरी बसोबास रहेको सो वडामा २ हजार ९ सय ८५ जनसंख्यामध्ये १ हजार २ बालबालिका रहेको वडा कार्यालयले जारी गरेको स्थितिपत्रमा जनाइएको छ ।

स्थितिपत्रमा जनाइए अनुसार बालमैत्री वडा घोषणा गर्नका लागि वडाभित्र रहेका सबै स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, बालक्लवहरू, युवा क्लबहरू, विद्यालय, कर्मचारी, जनप्रतिनिधि र सर्वसाधारण सबैको महत्वपूर्ण भूमिका रहेको छ। वडा कार्यालयमा आयोजित एक कार्यक्रमकाबिच गाउँपालिका अध्यक्ष ढुङ्गराज विश्वकर्मा र उपाध्यक्ष धनामाया मगरले संयुक्त रूपमा बालमैत्री वडा घोषणा गरे । 'उज्यालो ताप्ली, दिगो विकास र बालमैत्रीसहितको पुर्वधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगार, हरियाली ताप्ली समृद्धिको आधार' भन्ने मूल नाराका वडालाई बालमैत्री घोषणा गरिएको प्रमुख प्रशासकीय अधिकृत भक्तबहादुर राईले बताए ।

हाकिम राईका अनुसार वडालाई बालमैत्री घोषणा गर्ने अभियानमा वर्ल्डभिजन ईन्टरनेशनल नेपालको स्थानीय साझेदार संस्थाहरू जाल्पा एकीकृत विकास समाज र मानव अधिकार र वातावरण विकास केन्द्र (हुरेण्डेक) ले सहयोग गरेका थिए ।

केही समयभित्रै पूरै गाउँपालिकालाई बालमैत्री बनाउने गरी अभियान जारी रहेको भन्दै अध्यक्ष विश्वर्माले गाउँको शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, यातायात, भौतिक पूर्वाधार निर्माणमा पनि सबै पक्षको यस्तै सहयोगको अपेक्षा गरेको बताए ।

गाउँपालिका उपाध्यक्ष धनामाया मगरले ताप्लीको भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, भाषा लिपी र.(शैक्षिक क्रियाकलापमा बालबालिकाको समग्र विकासमा बालमैत्री वडा घोषणाले ठूलो महत्व राख्ने बताइन् ।

बालबालिका केन्द्रित यस्ता सकारात्मक र सृजनशील कामका लागि आवश्यक बजेट विनियोजन गर्न गाउँपालिकाले प्राथमिकता दिने प्रतिबद्धता पनि उपाध्यक्ष मगरले व्यक्त गरिन् ।

## हिरासतबाटै...

छन् । नेताहरूका अनुसार पार्टी सभापति लामिछानेले नै 'अर्याललाई कार्यबाहकको जिम्मेवारी दिनू' भनेपछि रास्वपाको सचिवालय बैठकले त्यसलाई अनुमोदन गरेको हो ।

लामिछाने प्रतिनिधिसभा सदस्यबाट निलम्बनमा परेका छन् । कास्की जिल्ला अदालतमा लामिछानेविरुद्ध आइतबार मुद्दा दायर भएसँगै उनको सांसद पद स्वतः निलम्बनमा परेको हो ।

सम्पत्ति शुद्धीकरण ऐन, २०६४ को दफा २७ बमोजिम मुद्दा अदालतमा दर्ता भएपछि पद स्वतः निलम्बन भएको संघीय संसद् सचिवालयले जनाएको छ । रास्वपामा पार्टीका महामन्त्री र प्रवक्ता पनि कार्यबाहक नै छन् । महामन्त्री, प्रवक्ताको जिम्मेवारीबाट रास्वपाले गत २५ असारमा मुकुल ढकाललाई पदमुक्त गरेको थियो । त्यसपछि कार्यबाहक महामन्त्रीको जिम्मेवारी सहमहामन्त्री कवीन्द्र बुर्लाकोटी र प्रवक्ताको जिम्मेवारी मनीष झालाई दिइएको छ ।

ढकालले तयार पारेको राजनीतिक प्रतिवेदनमा पार्टीको खस्कँदो स्थितिबारे उल्लेख गरेको र ती कुरा बाहिर ल्याएको अभियोगमा ढकाललाई रास्वपाले कारबाही गरेको हो ।

पार्टी निर्णय चित्त नबुझे पुनरावेदन गर्न ३५ दिनको समय दिइएको थियो। तर, उक्त समयमा पुनरावेदन नदिएर संचार माध्यमहरूमा नेताहरूको छवि, इज्जत र प्रतिष्ठा धमिल्याउन खोजेको, पार्टीका शुभचिन्तक भड्काउन खोजेको आरोप लगाउँदै रास्वपाले ११ भदौमा ढकाललाई साधारण सदस्यबाट पनि निष्कासित गरेको थियो । त्यसयता रास्वपाले महामन्त्री र प्रवक्ता तोकेको छैन ।

अब रास्वपाले संसदीय दलको नेतामा समेत कार्यबाहक तोक्नुपर्ने छ ।

रास्वपाका केन्द्रीय सदस्य गणेश कार्की लामिछानेको सांसद पद निलम्बनमा परे पनि सांसद पद नै खारेज भएको रूपमा बुझ्न नहुने बताउँछन्। उनी भन्छन्, 'निलम्बनमा पर्नु भनेको पद खालि हुनु होइन । यस कारण संसदीय दलको नेता के हुन्छ भन्ने प्रश्न छैन ।'

तथापि, दलको नेता नै निलम्बनमा रहँदा संसदीय दलको बैठक बस्नुपर्दा के गर्ने भन्ने कल्पना रास्वपाको विधानले गरेको छ।

हाल रास्वपाको संसदीय दलको उपनेतामा विराजभक्त श्रेष्ठ छन् । अब रास्वपा संसदीय दलको बैठक बस्नुपर्दा रवि लामिछाने निलम्बनमा रहुञ्जेल श्रेष्ठले संसदीय दलको बैठकको अध्यक्षता गर्ने छन्। अर्थात्, श्रेष्ठले संसदीय दलको नेताको भूमिका निर्वाह गर्ने छन् ।

रास्वपाका एक नेता भन्छन्, 'दलको विधानले संसदीय दलको नेताको अनुपस्थितिको कल्पना गरेको छ । यस्तो भएको अवस्थामा उपनेताले स्वतः दलको नेताको भूमिका पाउने छन् ।'

श्रेष्ठ भने यस सम्बन्धमा पार्टीको केन्द्रीय समिति र पदाधिकारी स्तरमा छलफल हुनुपर्ने अडानमा रहेको नेताहरू बताउँछन् । रास्वपाकै अर्का एक नेताका अनुसार केहीले यसअघि नै श्रेष्ठको नेतृत्वमा संसदीय दलको बैठक राख्नुपर्ने माग राखेका थिए । तर, श्रेष्ठले मानेका थिएनन् ।

संसदीय दलका नेता प्रहरी हिरासतमा रहेका बेला उपनेताको नेतृत्वमा दलको बैठक राख्दा राम्रो सन्देश नजाने भन्दै श्रेष्ठले मानेका थिएनन् । अब भने दलको नेता नै निलम्बनमा पर्ने अवस्थामा श्रेष्ठले दलको नेताको भूमिका निर्वाह गर्नुपर्ने भएको छ ।

यसका लागिसमेत केन्द्रीय समितिको बैठक र पदाधिकारीको बैठक बसेर निर्णय लिएर अगाडि बढ्ने तयारीमा रास्वपाका नेताहरू छन् ।

'रास्वपाको विधानतः दलको नेता निलम्बनमा पर्दा उपनेताले नेतृत्व गर्ने हो । तथापि, यो एउटा खालि जिम्मेवारीको कुरा हो । जे हुन्छ, सल्लाहमै हुन्छ', ती नेताले भने ।

## भूमिकाबारे...

आँकलन नेकपा एसको हुन सक्ने एक राजनीतिक विश्लेषकको मत छ । उनी भन्छन्, 'खासमा वामदेवले टाउको देखाउने ठाउँ नपाएपछि नेकपा एसमै भए पनि भित्रिने प्रयास गरेका हुन् । यसबाट नेकपा एसलाई तत्काल कुनै लाभ छैन तर आगामी निर्वाचनमा केही हजार मत भने बढ्न सक्छ ।'

## टुक्रे...

प्रदेश सरकारले टुक्रे बजेट विनियोजन गर्दा प्रदेशको सिंगो बजेट प्रणालीमा असन्तुलन मात्र होइन, कामको गुणस्तरमा समेत गिरावट आउने विज्ञहरूले चिन्ता प्रकट गरेका छन् ।

'स्थानीय सरकारहरूले त झन संघीयता र विकेन्द्रीकरणको मर्मविपरीत नै बजेट बाँडेका छन्', उनीहरू भन्छन् ।

कोशी प्रदेश सरकारद्वारा हरेक वर्ष टुक्रे योजनाहरूका लागि ठूलो रकम छुट्याइने गरेको छ । यो प्रवृत्तिले दीर्घकालीन विकासभन्दा तत्कालीन राजनीतिक फाइदा र क्षेत्रीय असन्तुलनलाई बल दिएको विज्ञहरूले बताएका छन् । यस्ता योजनाहरूको कार्यान्वयन प्रभावकारी हुन नसकेको देखिएको छ, जसले आर्थिक स्रोतको दुरुपयोग मात्र गरेको छ ।

आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगर प्रदेश सरकारले टुक्रे बजेट विनियोजन गर्दा प्रदेश सरकारको बजेट प्रणालीमा निकै असर पर्ने गरेको स्वीकार गर्छन् । तर, बजेट स्थानीय नेतृत्वको मागअनुसार दबाबका कारण पनि टुक्रे बजेट विनियोजन गर्नुपर्ने बाध्यता आउने मन्त्री मगरको दाबी छ ।

त्यस्ता ५-१० हजार रुपैयाँका बजेट स्थानीय पालिकाले नै पूरा गर्न सक्छन् । 'थोरै बजेटले धेरै स्थानीय तहको माग सम्बोधन गर्नेतिर ध्यान दिँदा बजेट विनियोजनमा यस्तो समस्या आउँछ', मन्त्री मगरले भने ।

प्रदेश सरकारको बजेटको आकारअनुसार टुक्रे बजेट विनियोजन हुँदा बजेटको सदुपयोग नहुने र दीर्घकालीन उपलब्धि पनि नदेखिने भएकाले अगामी वर्षादेखि 'योजना बैंक' बनाएर बजेट बनाउने मन्त्री मगरको भनाइ छ ।

प्रदेश सरकारको बजेट प्रणालीमा टुक्रे बजेट विनियोजनका कारण दीर्घकालीन योजना निर्माण र कार्यान्वयनमा अवरोध पुगेको छ ।

प्रदेश सरकारको मझौला संरचना निर्माण र दिगो परियोजना विकासलाई प्राथमिकता दिनुपर्ने बजेटलाई टुक्र्याएर बाँड्दा बजेटको दुरुपोग हुनुका साथै दीर्घकालीन योजनाहरू ओझेलमा पर्ने गरेका अर्थविद्हरू बताउँछन् ।

उनीहरूका अनुसार यस्ता बजेटले न जनताको आवश्यकता पूरा गर्छ, न त विकास निर्माण नै हुन्छ । जनताको आवश्यकता भन्दा पनि कार्यकर्ता रिझाउने उद्देश्यले प्रदेश सरकारले कार्यक्रम र बजेटमार्फत बर्सेनि करोडौं रकम टुक्रे योजनामा खर्च गर्दा योजना संचालनको औचित्यबारे सरकारले ख्याल नगरेको उनीहरूको भनाइ छ ।

सरकारका अधिकांश बजेटमा पहुँचका भरमा मनोमानी योजनाहरू समेटिने भएकाले बजेटको दुरुपयोगको जोखिम धेरै देखिएको अर्थविद्हरूको तर्क छ ।

त्रिभुवन विश्वविद्यालयको सेन्ट्रल फर इकोनमिक डेभलपमेन्ट एन्ड एडमिनिस्ट्रेसन (सेडा)का कार्यकारी निर्देशक प्रा.डा. अर्जुनकुमार बराल देश संघीय संरचनामा गइसकेपछि कुन तहको सरकारले कस्तो खालको बजेट बनाउने भन्ने कुरामा अझै पनि प्रस्ट हुन नसकेको बताउँछन् ।

'यसका कारण संघीयताको मर्मविपरीत बजेट विनियोजन भइरहेको छ', बरालले भने, 'संघीय र प्रदेश सरकारको टुक्रे बजेट विनियोजन एकदमै गलत अभ्यास हो । यस्तो बजेटको कुनै उपलब्धि हुदैन, जनताले तिरेको करको दुरुपयोग मात्र हो ।'

**छैन समन्वय**

आर्थिक वर्ष २०८०/०८१ को बजेटमा प्रदेश सरकारले मेचीनगर- ४ मा तिरिङ खानेपानी आयोजनोका लागि खानेपानी तथा ऊर्जा मन्त्रालयअन्तर्गत खर्च गर्नेगरी १० हजार रुपैयाँ बजेट विनियोजन गऱ्यो । तर, त्यही स्थानीय स्तरमा छुटचाइएको बजेटबारे मेचीनगर नगरपालिकाका मेयर नै जानकार छैनन् ।

प्रदेश सरकारले स्थानीय सरकारसँग कसरी समन्वय गरिरहेको छ भन्ने कुरा यसैलाई उदाहरणका रूपमा लिन सकिन्छ।

मेयर गोपाल बुढाथोकीले तिरिङ खानेपानी आयोजनाका लागि प्रदेश सरकारले केका लागि बजेट दियो, त्यसबारे आफूहरूलाई केही जानकारी नभएको बताए ।

'संघ र प्रदेश सरकारबाट विनियोजित बजेट हामीले पनि रातो किताब हेरेर थाहा पाउँछौं', मेयर बुढाथोकी भन्छन्, 'संघीय र प्रदेश सरकारको यस्तै रवैयाका कारण जनताले हामीप्रति गर्ने विश्वासमा दरार पैदा हुन थालेको छ ।'

सूर्योदय नगरपालिकाका उपमेयर दुर्गाकुमार बराल आफ्नो नगरपालिकाको सिँचाइ योजनाको नाममा विनियोजित बजेट हास्यास्पद भएको बताउँछन् । 'प्रदेश सरकारले सिँचाइ योजनाका लागि ५ हजार रकम कुन आधारमा केका लागि दिएको हो ? यो त सुन्दै हाँसो लाग्छ । ५ हजार रुपैयाँबाट के काम हुन्छ ?', उनी प्रश्न गर्छन् ।

प्रदेश सरकारले परियोजनाका लागि सानो र टुक्रे बजेट पठाउने गरेपछि कतिपय परियोजना प्रभावकारी रूपमा संचालनमा आउन नसकेको पनि उपमेयर बराल बताउँछन् ।

## एकै ...

वर्षअघि भएको निर्वाचनमा ५० वटा आंगिक र ४०० बढी सम्बन्धनप्राप्त कलेजमा स्ववियु निर्वाचन भएको थियो ।

## अखिल...

केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरूको उम्मेदवारी मनोनय दर्ता हुने छ भने १७ पुस बिहान ११ बजेदेखि ४ बजेसम्म मतदान हुने छ ।

## वैदेशिक...

मंसिरमा मलेसियामा म्यानपावर कम्पनीमार्फत ४ जना, व्यक्तिगत २२ जना र पुनः श्रम स्वीकृति मार्फत ४ हजार ४६९ जनाको श्रम स्वीकृति भएको छ। कात्तिकमा ३ हजार ९७९ जना मलेसिया गएका थिए। मलेसियाबाट पुस महिनादेखि मात्र केही डिमान्ड आउन थालेको छ ।

खाडी मुलुक कुवेतमा मंसिरमा म्यानपावर कम्पनीमार्फत ३ हजार ११८ र समग्रमा ६ हजार ६९० जनाको श्रम स्वीकृति भएको छ । बहराइनका लागि ६१३ जनाको संस्थागत श्रम स्वीकृतिसहित समग्रमा १ हजार १८३ जनाको श्रम स्वीकृति भएको छ ।

युरोपेली मुलुक साइप्रसमा म्यानपावरमार्फत ३७० जना महिला सहित समग्रमा ६६३ जना , जापानमा म्यानपावर कम्पनीमार्फत ११० जना र अन्य प्रक्रिया मार्फत गरि २ हजार ३७१ जना, जोर्डनमा म्यानपावरमार्फत ९४ जना सहित १३३ जना, मरिससमा म्यानपावरमार्फत १९५ जना सहित समग्रमा ६५३ जना गएका छन्। मंसिरमा क्रोएसियामा म्यानपावरमार्फत १ जना पनि गएका छैनन् तर, उक्त मुलुकमा व्यक्तिगत नयाँ १ हजार ११६ सहित कुल १ हजार ४११ जना गएका छन् ।

मंसिरमा माल्टा म्यानपावर कम्पनीमार्फत १ जना पनि गएका छैनन् भने व्यक्तिगत रूपमा १६४ र समग्रमा ४०७ जना, रोमानियाका लागि म्यानपावरमार्फत १४६ जना र व्यक्तिगत रूपमा १ हजार ६२६ सहित २ हजार ३४२ जनाको श्रम स्वीकृति भएको छ ।

क्यानाडा, माल्दिभ्स, पोल्यान्ड र बेलायतमा व्यक्तिगत श्रम स्वीकृतिमा गए पनि म्यानपावर कम्पनीले ती मुलुकमा पठाउन श्रम स्वीकृति लिन सकेका छैनन् । म्यानपावर कम्पनीले १४ मुलुकमा पठाउँदा व्यक्तिगत श्रम स्वीकृतिमा ९१ मुलुकमा नेपाली कामदार पुगेका छन् ।

## मंसिरमा...

लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस प्रा. लि.- २९१
मदरल्यान्ड ओभरसिज सर्भिस प्रा. लि.- २४५
लुलु इन्टरनेसनल सर्भिस प्रा. लि.- २३७
मास ह्युमन रिसोर्स प्रा. लि.- २३१
एसिया लिंक सर्भिस प्रा. लि.- २२९
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रा. लि.- २२८
सान नेपाल प्रा. लि.- २२५
अल आसमाक्स कम्पनी प्रा. लि.- २१५
गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.- २०४
इन्डेक्स रिक्रुटमेन्ट प्रा. लि.- १९७
थिंकबिज इन्टरनेसनल प्रा. लि.- १९७
अल हायात म्यानेजमेन्ट सिस्टम प्रा. लि.- १९३
नाइस रिक्रुटिङ एजेन्सी प्रा. लि.- १९२
त्रिवेणी एचआर सोलुसन प्रा. लि.- १८८
आयुश ओभरसिज प्रा. लि.- १८८
इन्डो अरब म्यानपावर प्रा. लि.- १८७
ग्रेस ओभरसिज प्रा. लि.- १८३
वर्ल्ड वाइड इम्प्लोइमेन्ट कन्सल्टचान्ट प्रा. लि.- १७९
मनास्लु इन्टरनेसनल सर्भिस प्रा. लि.- १७८
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा. लि.- १७३
स्यारोन म्यानपावर सर्भिस प्रा. लि.- १७१
मोभिरा रिक्रुटमेन्ट कन्सल्टचान्सी सर्भिस प्रा.लि.- १७१
फजल इन्टरनेसनल प्रा. लि.- १६४
वाहा म्यानपावर सप्लायर्स प्रा. लि.- १६१
अक्सफोर्ड इन्टरनेसनल प्रा. लि.- १६०
सक्सेस पार्टनर्स नेपाल प्रा. लि.- १६०
एमबी ह्युमन रिसोर्स प्रा. लि.- १५६
क्यापिटल इन्टरनेसनल म्यानपावर प्रा. लि.- १५४
टेस्ला ओभरसिज प्रा. लि.- १५२
भिजन एन्ड भ्यालु ओभरसिज प्रा. लि.- १५१
एचआर इन्टरनेसनल इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.- १५०
राज ओभरसिज प्रा. लि.- १४७
होप इन्टरनेसनल प्रा. लि.- १४४
लुना एचआर सोलुसन प्रा. लि.- १४४
एसपीएम ओभरसिज प्रा. लि.- १४२
लगइन इन्टरनेसनल ओभरसिज रिक्रुटमेन्ट प्रा. लि.- १४०
सिगल इन्टरनेसनल ग्लोबल एचआर कन्सल्टचान्ट्स प्रा. लि.- १४०
आयुश इन्टरनेसनल ओभरसिज सर्भिस प्रा. लि.- १३९
शिवाकोटी म्यानपावर सर्भिस प्रा. लि.- १३७
इलेक्ट्रा रिक्रुटमेन्ट सर्भिस प्रा. लि.- १३६
इन्डिगो ओभरसिज प्रा. लि.- १३४
माभेन रिक्रुटमेन्ट सर्भिस प्रा. लि.- १३२
वर्ल्ड नेट रिक्रुटमेन्ट कन्सल्टचान्ट प्रा. लि.- १३२
कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा. लि.- १३०
सागर रिक्रुटमेन्ट प्रा. लि.- १२९
आस्था कन्सल्टिङ प्रा. लि.- १२६
युनाइटेड इन्टरनेसनल म्यानपावर प्रा. लि.- १२६
सपोर्ट ह्युमन रिसोर्स प्रा. लि.- १२४
एचएमटी ओभरसिज प्रा. लि.- ११९
लिडिङ म्यानपावर रिक्रुटमेन्ट सर्भिस प्रा. लि.- ११९
थ्री ब्रदर्स ह्युमन रिसोर्स प्रा. लि.- ११८
अल कौसर ह्युमन रिसोर्स प्रा. लि.- ११८
दिवज्योति म्यानपावर सर्भिस प्रा. लि.- ११४
शिखर इन्टरनेसनल म्यानपावर सर्भिस प्रा. लि.- ११२
डीके रिभर ओभरसिज प्रा. लि.- ११०
सनहिल्स ओभरसिज प्रा. लि.- १०९
त्रिपुरा इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.- १०७
बेस्ट रिक्रुटमेन्ट सर्भिस प्रा. लि.- १०६
ओमेगा इन्टरनेसनल प्रा. लि.- १०६
ब्रिज स्काई इन्टरनेसनल प्रा. लि.- १०५
युरो एसिया एचआर सोलुसन प्रा. लि.- १०५
डाइनेस्टी एचआर ग्रुप प्रा. लि.- १०४
कन्टिनेन्टल एचआरडी कन्सल्टचान्ट्स प्रा. लि.-१०५
आरबी ओभरसिज प्रा. लि.- १०४
इन्टरपिड रिक्रुटमेन्ट सर्भिस प्रा. लि.- १०३
स्काइ ब्लु इन्टरनेसनल ओभरसिज प्रा. लि.- १०३
अल साहिद ओभरसिज प्रा. लि.- १०२
अल जाफर इन्टरनेसनल प्रा. लि.- १०२
अर्थ स्मार्ट ह्युमन रिसोर्स प्रा. लि.- १००
जब सिकर म्यानपावर प्रा. लि.- १००

# संविधान संशोधनको प्रक्रिया अघि बढ्छ : गृहमन्त्री

**काठमाडौं/मस–** गृहमन्त्री रमेश लेखकले कांग्रेस र नेकपा एमालेको कार्यदल बनाएर संविधान संशोधनको छलफलको प्रक्रियालाई प्रारम्भ गर्ने बताएका छन् ।

काठमाडौंमा मंगलवार भएको कार्यक्रममा गृहमन्त्री लेखकले सरकारले संविधान संशोधन गर्न आवश्यक गृहकार्य अघि बढाइसकेको भन्दै छिटै दुई दलीय कार्यदल बनाएर छलफल सुरु गर्ने बताएका हुन् । उनले संविधान संशोधनका लागि राष्ट्रिय सहमति बनाउने जिकिर गरे ।




संविधानको समीक्षाका साथै विषयवस्तुको पहिचान गरेर संशोधनको प्रक्रिया अघि बढाइने उनको भनाइ छ । गृहमन्त्री लेखकले संविधान संशोधनका लागि भने केही समय लाग्ने बताए ।

उनले समावेशितालाई कमजोर गर्न नभइ थप सुदृढ बनाउनका लागि संविधान संशोधन गरिने प्रतिवद्धता जनाए । लेखकले संविधानको भावना अनुसारको कानुन बन्न नसकेकाले दलित समुदायको अधिकार प्रत्याभूत हुन नसकेको उल्लेख गरे । दलित समुदायको अधिकार स्थापित गर्नका लागि थप कानुन निर्माण गर्ने उनको भनाइ ।

# ‘जनयुद्ध शब्दमाथिको प्रतिबन्ध लोकतन्त्रको हत्या’

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ९ पुस



लुम्बिनी प्रदेश सभा सदस्य मौलाना मसूद खाँ नेपालीले न्यायपालिकाको ‘जनयुद्ध’ शब्दमाथिको प्रतिबन्धप्रति कडा आपत्ति जनाएका छन् । उनले यसलाई लोकतन्त्रको हत्या र जनताको अधिकारमाथिको अपमान भनेका छन् ।

कृष्णनगरमा आयोजित माओवादी केन्द्रको महिला विंग, अखिल नेपाल महिला संघ क्रान्तिकारी समितिको पहिलो सम्मेलनमा सदस्य मौलाना नेपालीले भने, ‘न्यायपालिकाले सरकारको दबाबमा आएर ‘जनयुद्ध’ शब्दलाई प्रतिबन्ध लगाउनु केवल इतिहासको अपमान होइन, जनताको अधिकारको दमन हो । यो युद्धले देशलाई लोकतन्त्र दिलाएको हो, जुन आजको व्यवस्थाको आधार हो । न्यायपालिकाले आफ्नो भूमिकाको गम्भीरतामा ध्यान दिनुपर्छ, अन्यथा इतिहासले यसलाई माफ गर्नेछैन ।’

मौलाना नेपालीले उप-चुनावमा माओवादीले हासिल गरेको जनसमर्थनलाई क्रान्तिकारी संघर्षको सत्यता र जनताको विश्वासको प्रमाणका रूपमा व्याख्या गरे । क्रान्तिकारी समिति गठन सम्मेलनको अध्यक्षता माओवादी केन्द्रका केन्द्रीय सदस्य शान्ति देवी हरिजनले गरेकी थिइन् । कार्यक्रममा प्रमुख अतिथि विष्णु बेलबासे, राजेन्द्र आचार्य, जावेद आलम खाँ, र अन्य नेताहरूको उपस्थिति थियो ।

कार्यक्रममा शबनम खातुनको नेतृत्वमा १७ सदस्यीय समिति गठन गरिएको छ । कृष्णनगर नगरपालिकाकी पूर्वउपमेयर शबनम खातुनले नयाँ भूमिकामा महिलाहरूको राजनीतिक र सामाजिक सशक्तीकरणका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

केन्द्रीय सदस्य शान्ति देवी हरिजनले महिलाको नेतृत्वलाई समाजको परिवर्तनको आधारको रूपमा हेर्नुपर्नेमा जोड दिइन् ।

जिल्ला अध्यक्ष विष्णु बेलबासेले माओवादी आन्दोलनमा महिलाको योगदानलाई स्मरण गर्दै भने, ‘महिलाहरूको सहभागिता बिना कुनै पनि क्रान्ति सम्भव छैन । यो सम्मेलनले समाजमा महिलाको सशक्त भूमिका सुनिश्चित गर्नेछ ।’

कार्यक्रममा शबनम खातुनले महिलाहरूको सशक्तीकरणका लागि नयाँ योजनाहरू प्रस्तुत गर्दै भनिन्, यो समिति महिलाहरूको नेतृत्वमा समाज सुधारका क्रान्तिकारी कदम चाल्न प्रतिबद्ध छ ।’ जावेद आलम खाँले भने, ‘महिलाको सहभागिताबिना कुनै पनि समाजको विकास सम्भव छैन । यो सम्मेलन महिलाहरूलाई सशक्त बनाउन ठूलो प्रयास हो ।’

# शीतगंगाको १६औं नगरसभामा बजेट संशोधन




**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ पुस

अर्घाखाँचीको शीतगंगा नगरपालिकाको १६औं नगरसभा सम्पन्न भएको छ । सभामा नगरप्रमुख छबिलाल पौडेलले विभिन्न प्रस्ताव पेश गरेका थिए ।

नगरप्रमुख पौडेलले आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत केही योजना तथा कार्यक्रम संशोधन र रकमान्तर गर्ने प्रस्ताव गरेका थिए । प्लास्टिकजन्य वस्तु प्रतिबन्ध विधेयक २०८१, वन व्यवस्थापन सम्बन्धी नीति २०८१, आर्थिक ऐन २०८१ संशोधन प्रस्ताव पेश गरिएको नगरप्रमुख पौडेलले बताए ।

उत्पादनमूलक र छिटो प्रतिफल दिने, राजस्व परिचालनमा योगदान पुऱ्याउने, आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने कार्यक्रम सञ्चालन गर्ने, समावेशी विकास, दिगो विकास, सहस्राब्दी विकासका लक्ष्य, हरियाली प्रवर्द्धन, वातावरण संरक्षण, जनमैत्री विकास लगायतका विकासका समसामयिक मुद्दाहरूलाई निरन्तर सम्बोधन गर्ने भएको सभामा नगरप्रमुख तथा सभाका अध्यक्ष पौडेलले पेश गरेको कार्यक्रममा उल्लेख छ ।

सबै प्रकारका विभेद र असमानताको अन्त्य, समन्यायिक विकास र विकासको प्रतिफलमा न्यायपूर्ण पहुँच पुऱ्याउन र उत्तरदायी शासकीय व्यवस्था, शान्ति सुरक्षाको प्रत्याभूति, भ्रष्टाचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा वातावरण ल्याउने नीति अगाडि सारिएको ौडेलले दाबी गरे ।

आर्थिक वर्ष २०८१/०८२ को लागि ८६ करोड ८६ लाख ९० हजार रुपैयाँको बजेट ल्याएको शीतगंगाले अहिले १६औं नगरसभामार्फत नगर उपप्रमुख गिता भाटले सार्वजनिक गरेको बजेटमा चालुतर्फ ६२ करोड ९५ लाख ६५ हजार र पूँजीगततर्फ २३ करोड ९१ लाख २५ हजार रूपैयाँ रहेकोमा केही बजेट संशोधन गरेको छ ।

संघबाट समानीकरण अनुदान १२ करोड ८० लाख, सशर्त अनुदान ४७ करोड १५ लाख ५५ हजार र राजस्व बाँडफाँडतर्फको रकम १६ करोड ७२ हजार प्राप्त हुने अनुमान गरेर यसअघि बजेट सार्वजनिक गरिएको थियो । सोही बजेटलाई १६औं नगरसभाले अनुमोदन गरेको योजना अधिकृत नुमलाल खनालले जानकारी दिए ।

लुम्बिनी प्रदेशबाट समपुरक अनुदान १ करोड ५ लाख, संघीय समपुरक अनुदानतर्फ ५० लाख, सडक बोर्ड नेपाल समपुरक अनुदान ६५ लाख, प्रदेश समानीकरण अनुदान ८९ लाख २० हजार, प्रदेश सशर्त अनुदान १ करोड २८ लाख, प्रदेश विशेष अनुदान ३० लाख र प्रदेश राजस्व बाँडफाँट १ करोड १२ लाख र चालु आर्थिक वर्षको अनुमानित बचत १ करोड ४९ लाख २१ हजार हुने प्रारम्भिक अनुमान गरेर यसअघि बजेट सार्वजनिक गरिएको र सोही बजेटको आधारमा विकास निर्माणका कामहरु भइरहेको नगर उपप्रमुख भाटले बताइन् ।

सभामा शीतगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवं सभाका सदस्य सचिव मदन जिसीले चालु आर्थिक वर्षको हालसम्मको प्रगति विवरण प्रस्तुत गरेका थिए ।

नगरसभामा ४ सय ९१ वटा योजना तथा कार्यक्रम रहेका छन् । अधिवेशनमा सहभागीहरूले आ-आफ्नो क्षेत्रका समस्या तथा नगरका कमजोरीहरूलाई जोडतोडका साथ उठाएको योजना अधिकृत खनालले बताए । उनीहरूले पालिका राजस्व संकलनमा कमजोर रहेको, प्राथमिक तहका विद्यालयमा खाजाको पैसा नपुगेको, विद्यार्थीको संख्या अनुसार शिक्षकको संख्या अपुग तथा बढी भएको, नगरका कर्मचारी मिलान तथा हेरफेर विषय, नगरपालिकाका कार्यक्रम पार्टीका कार्यक्रम जस्तो भएको जस्ता विभिन्न विषयमा गुनासा तथा सुझावहरू राखेका थिए ।

त्यस्तै नगरको चालू आर्थिक वर्षको अहिलेसम्म भएको आयव्यय, शिक्षा स्वास्थ्य लगायत विभिन्न क्षेत्रको अवस्था नगरका योजना अधिकृत नुमलाल खनालले प्रस्तुत गरेका थिए ।

त्यस्तै नगर उपप्रमुख भाटले प्रस्तुत गरेको १५ औं नगरसभा बाट पारित भएका कार्यक्रमहरू संशोधन तथा अनुमोदन भएको थियो ।

## नागरिकसँग प्रहरी कार्यक्रम

# पाणिनीमा सार्वजनिक सुनुवाइ

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ पुस



जिल्ला प्रहरी कार्यालय अर्घाखाँची र पालि प्रहरी चौकी पाणिनीको संयुक्त आयोजनामा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ ।

समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत पाणिनी ७ पालिमा रहेको कमला माध्यमिक विद्यालय प्राङ्गणमा नागरिकसँग सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा गाउँपालिका ७ का जनप्रतिनिधिहरु, सामुदायिक सेवा केन्द्रका पदाधिकारीहरु, स्थानीय बुद्धिजिवी स्थानीय राजनीतिक दल, समाजसेवीहरुको बाक्लो उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रहरी नायब उपरीक्षक (डीएसपी) चक्रबहादुर मल्लले आर्थिक वर्षमा जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले गरेका काम कारबाहीहरु, जनतासँग प्रहरीको सम्बन्ध, भावी योजना, प्रहरीले गर्नुपर्ने काममा कुनै गुनासा भए राख्न स्थानीय समक्ष अनुरोध गरेका थिए । डीएसपी मल्लले समुदायकै अगुवाईमा समाजलाई शान्त र सुरक्षित बनाउन आफू सदैव अग्रसर रहने बताउँदै जनताको सेवा प्रहरीले भरपर्दो तरिकाले गर्ने र सबै नागरिकले सुरक्षित महशुस गर्ने गरी प्रहरी परिचालन गरिएको बताए ।

पालि क्षेत्रमा सीसीटीभी राखिनुपर्ने स्थानहरुको माग रहेकोले यस विषयमा सीसीटीभी यन्त्र जडान गरी निगरानी बढाइने मल्लले बताए । डीएसपी मल्लले सुरक्षित समाजका निम्ति समुदायबाट आफुले सामुदायिक गस्तिमा प्रहरीसँग समुदायको सहकार्य, घटनाको समयमै जानकारी, मदिराजन्य पदार्थको बिक्री वितरणमा निश्चित एरिया तोकिनुपर्ने र सडक अतिक्रमणमा रोक लगाउन समुदायको सहयोग उल्लेखनीय रहने बताए ।

कार्यक्रममा पाणिनी गाउँपालिका अर्घाखाँचीका शिक्षा शाखा प्रमुख तेज प्रसाद खनालले अपराधका सम्बन्धमा प्रहरी र समुदाय दुबैले ‘क्वीक अपरेशन’ गर्नुपर्ने र त्यसमा प्रहरीको बढी सक्रियता रहनुपर्ने बताए । खनालले सुरक्षित समाजका निम्ती सीसीटीभी जडान गर्ने दिशामा समेत सबैले चासो दिनुपर्ने र मदिरा नियन्त्रण गर्ने सवालमा आवश्यक योजना बनाइ अभियाननै चलाउनुपर्ने बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ अर्घाखाँचीका पूर्व अध्यक्ष असोक खनालले समुदाय प्रहरी साझेदारी अन्तर्गत गरिएको नागरिकसँग सार्वजनिक सुनुवाइ कार्यक्रम अत्यन्तै सराहनीय र अन्य कार्यक्रमभन्दा पृथक रहेको बताए । कार्यक्रममा पाणिनी गाउँपालपका वडा नम्बर ८ का अध्यक्ष रोमनाथ पाण्डेले सुरक्षित समाजको जिम्मेवारी प्रहरीको मात्रै नभइ सबै आम नागरिकको रहने बताए । समुदाय र प्रहरीसँगको सहकार्यमा काम गर्दै आइरहेको शान्त र सुरक्षित समाजका निमित्त प्रहरी र स्थानीय पदाधिकारीले मात्रै गरेर नहुने हुँदा सो विषयमा आम नागरिक पनि त्यतिकै सजक रहनुपर्ने स्थानीय इन्सु मियाले बताए । कार्यक्रममा ट्राफिक प्रहरी, नेपाल प्रहरीले गरिरहेका कामहरु तथा पालि प्रहरी चौकीले गरेका कामका बारेमा समीक्षा गरिएको थियो ।

## महासंघको पहिलो बैठक

# पत्रकार दाहालमाथिको धम्की प्रकरणमा मिसन टोली खटाइयो



**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघले समाचारको विषयलाई लिएर पत्रकार गोपाल दाहालमाथि ज्यान लिनेसम्मको धम्की आइरहेको सन्दर्भमा स्थलगत अध्ययन गर्न मिसन टोली खटाएको छ ।

महासंघको २७ औं महाधिवेशन अन्तर्गत सम्पन्न निर्वाचनबाट निर्वाचित केन्द्रीय समितिको मंगलबार बसेको पहिलो बैठकले सो निर्णय गरेको महासचिव रामप्रसाद दाहालले जानकारी दिएका छन् ।

सात दिनभित्र प्रतिवेदन केन्द्रीय समितिमा पेस गर्नेगरी महासंघका केन्द्रीय सदस्य कमल रिमालको संयोजकत्वमा अर्का केन्द्रीय सदस्य शंकर खरेल, वरिष्ठ पत्रकार हर्ष सुब्बा, महासंघ कोशी प्रदेश समितिका अध्यक्ष भरतबहादुर खड्का र महासंघ सुनसरी शाखाका अध्यक्ष सन्तोष काफ्ले सदस्य रहेको मिडिया मिसन खटाएको छ ।

बैठकले २७औं महाधिवेशन सफलतापूर्वक सम्पन्न गराउन योगदान गर्ने महासंघको निवर्तमान कार्यसमिति, तीनै तहका निर्वाचन समितिहरू, सरोकारवाला संघसंस्था, महासंघका सदस्यहरू, महासंघ केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीलगायत सबै पक्षप्रति धन्यवाद ज्ञापन गरेको छ ।

साथै, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, श्रमजीवी पत्रकारको हकहित र आर्थिक संकट व्यहोरिरहेको नेपाली पत्रकारिता क्षेत्रको संस्थागत विकासका लागि दृढतापूर्वक उभिने प्रतिवद्धता समेत व्यक्त गरेको छ । बैठकले केन्द्र, प्रदेश र स्थानीय तहबाट निर्माण हुँदै गरेका सञ्चारसम्बन्धी कानुनहरूलाई प्रेस स्वतन्त्रतामैत्री बनाउन सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनुको साथै खबरदारी गर्ने निर्णय गरेको छ ।

**Kuwait मा रोजगारको अवसर** SAFEER AL NIDA GENERAL TRADING COMPANY
पूर्व स्वीकृती मिति: २०८१/०९/०९ चलानी नं.६०२३०१६० LTNo. : 315914

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Waiter | 15 | 0 | काममा दक्ष | 120 | ५३,०००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Waitress | 0 | 6 | | 120 | ५३,०००।- | | | | | | | |

अन्तरवार्ता २०८१ पौष १७ गते (1 Jan., 2025) यस प्रा. लि. को कार्यालय बालुवाटार, काठमाडौंमा हुनेछ ।
RISING RECRUITMENT राईजिङ्ग रिक्रुटमेण्ट प्रा. लि. श्रम इजाजत नं.: ८७८/०६७/०६८
बालुवाटार, काठमाडौं, फोन नं. : ४५३६४९७, ४५२०५८७ E-mail : info@rising.com.np

**कुबेतमा रोजगार** कम्पनी: PROTOCOLO GENERAL TRADING CO. शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०९/०९ चलानी नं.: ६०२३०२११ L.T. No.: 315994

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner (Indoor) | 0 | 23 | स. काममा दक्ष | 85 | ३७,४८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस १७ गते (1 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015
Govt. Lic. No.: 821/066/067

**Qatar मा रोजगार** OPULENT CONSTRUCTION
पूर्व स्वीकृती मिति: २०८१/०९/०९ चलानी नं.: ६०२३०१७७ LT.: 315921

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Carpenter | 2 | काममा दक्ष | 1100 | ४१,१००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Reinorc Fitter | 2 | | 1100 | ४१,१००।- | | | | | | | |

अन्तरवार्ता २०८१ पौष १७ गते (1 Jan., 2025) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ ।
गण्डकी ओभरसिज कन्सर्न प्रा. लि. श्रम इजाजत नं. ११५/०५५/०५६
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४५९५७४९, ९८५११०९३९१, ९८६९६३४७८८

**युएईमा रोजगार** कम्पनी: Al Dhafra International Projects Group-Sole Proprietorship L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/०९ चलानी नं.: ६०२३०२०८ LT. No.: 315870

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Ceramic, Granite And Marble Mason | 10 | 0 | | 1200 | ४४,४०० | | | | | | | |
| 3. | Labour | 10 | 0 | | 1000 | ३७,००० | | | | | | | |
| 4. | Plaster Work Mason | 5 | 0 | | 1200 | ४४,४०० | | | | | | | |
| 5. | Steel Fixer | 5 | 0 | | 1200 | ४४,४०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ पुष १७ गते (1 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.
License No.: 1542/ 078/079
Basundhara-3, Kathmandu, Nepal, Tel: +977-1-5911074/75
E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

**Free Visa, Free Ticket, Zero Cost सहित UAE मा रोजगार**
कम्पनी : DULSCO LLC शहर : DUBAI पुन: विज्ञापन
पूर्व स्वीकृत मिति: २०८०/०५/११ चलानी नं.: ६०२१२१०५ LT. No.: 297019

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Porter | 12 | 0 | सम्बन्धित काममा दक्ष | 1075 | ३९,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Labour | 98 | 0 | | 900 | ३३,३०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १७ गते (1 January 2025) मा हुनेछ ।
नोट: एजेन्टहरुले कष्ट नगर्नुहोला । अन्तर्वार्तामा आँउदा उम्मेदवारले सक्कल पार्सपोर्ट लिएर आउनु पर्नेछ । साधारण लेखपढ गर्नुसक्नेलाई पनि अन्तर्वार्तामा समावेश गरिनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Empower Huntr H.R. Solution Pvt. Ltd. Gov. Lic No. 1150/073/074
(साबिक Empower Human Resources Management Pvt. Ltd)
Sinamangal -9, Near by Hope Hospital, Kathmandu, Nepal, Tel.: 01-4560541, 01-4588265
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057 | 9813657032 | 9851049746 | 9806080426, 9823040845
Email: empowerhrnepal@gmail.com | Jhapa Branch : 023-535323 | Chitwan Branch : 9855016639 | Butwal Branch : 9851178901

**UAE मा रोजगार** General Contracting CO. W.L.L., Abu Dhabi, UAE
पूर्व स्वीकृती मिति २०८१।०९।०९ चलानी नं. ६०२३०१८३ LT.No. 315829

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 10 | - | काममा दक्ष | 1100 | ४०,८३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |
| 2 | Concrete Masons | 10 | - | | 1300 | ४८,२५०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्योहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | निशुल्क |

अन्तर्वार्ता २०८१ पौष १७ गते (1 January, 2025) मेनपावर कार्यालय लाजिम्पाटमा हुनेछ ।
रोयल ओभरसिज नेपाल प्रा. लि. श्रम इजाजत नं. १६६/०५६/०५७
लाजिम्पाट काठमाण्डौं फोन नं.:-०१-४५२११५६/४५३२२४४, फ्याक्स नं.: ०१-४५३००३३

**Cyprus मा रोजगार** Mavromatis Employment Bureau Ltd
पूर्व स्वीकृती मिति: २०८१/०९/०९ चलानी नं. : ६०२३०१८५ LT No.: 315907

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cook C. | 3 | 0 | काममा दक्ष | 1405 | १,९९,१००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |
| २. | General Labour | 7 | 0 | | 1000 | १,४१,७२०।- | | | | | | | |
| ३. | Housekeeping | 5 | 5 | | 1246 | १,७६,५८०।- | | | | | | | |

पूर्व स्वीकृती मिति: २०८१/०९/०९ चलानी नं. : ६०२३०१८७ LT No.: 315909

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Asst. | 5 | 0 | काममा दक्ष | 1048 | १,४८,५२०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |
| २. | Waiters/Waitress | 5 | 5 | | 1283 | १,८१,८२०।- | | | | | | | |
| ३. | Warehouse Worker | 5 | 0 | | 1000 | १,४१,७२०।- | | | | | | | |

पूर्व स्वीकृती मिति: २०८१/०९/०९ चलानी नं. : ६०२३०१८६ LT No.: 315908

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 4 | 0 | काममा दक्ष | 1168 | १,६५,५२०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |
| २. | Kichen Cleaners | 2 | 2 | | 1283 | १,८१,८२०।- | | | | | | | |
| ३. | Plumber | 2 | 0 | | 1000 | १,४१,७२०।- | | | | | | | |
| ४. | Porter | 4 | 0 | | 1000 | १,४१,७२०।- | | | | | | | |
| ५. | Receptionist | 3 | 0 | | 1283 | १,८१,८२०।- | | | | | | | |
| ६. | Technicain | 3 | 0 | | 1000 | १,४१,७२०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।– कामदार आफैंले | रु. १,५००।– कामदार आफैंले | रु. ७,००।– कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०८१ पौष १७ गते (1 Jan., 2025) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ३) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ४) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ५) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि. श्रम ईजाजत न.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

मध्यान्ह
www.madhyanhadaily.com
१० पुस २०८१, बुधबार
25 December 2024, Wednesday

## सम्पादकीय

# सिन्डिकेटको खतरा

सत्ता साझेदार नेपाली कांग्रेस र नेकपा एमालेले संसदीय फाँट हेर्नेगरी समेत संयुक्त कार्यदल गठन गरेका छन् । मंगलबार साँझ बनेको यो समितिले विचाराधीन विधेयकहरू अगाडि बढाउन आवश्यक गृहकार्य गर्ने नेताहरूले बताएका छन् । संसद्मा समेत छुट्टै कार्यदल बनेपछि लगभग अब कांग्रेस-एमालेको कार्यदल नभएको क्षेत्र बाँकी रहेन । यस्तै प्रकृतिको संयुक्त कार्यदल कांग्रेस-एमालेले केन्द्रदेखि जिल्लासम्म गठन गरिसकेका छन् । सत्ता संचालनमा समस्या नहोस् भनेर शीर्ष नेताहरू सम्मिलित शीर्ष कार्यदल बनाउने संस्कृति नै बनिसकेको छ । गत जेठमा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएपछि दुवै पार्टीका शीर्ष नेताहरू रहनेगरी संयुक्त कार्यदल बनेको थियो । त्यो कार्यदलले सरकारको साझा न्यूनतम कार्यक्रम बनायो । प्रदेश र जिल्लासम्म संयुक्त कार्यदल बनाउने निर्णय गर्‍यो ।

संघ र प्रदेशसम्म बनेको कार्यदलबारे कसैको बिमति देखिँदैन किनकि संघ र प्रदेशमा कांग्रेस-एमालेले सत्ता साझेदारी गरिरहेका छन् । सत्ता साझेदारीका क्रममा आइपर्ने समस्याहरू सुल्झाउन कार्यदल बन्नुलाई राजनीतिक निर्णय नै मानिँदै आएको छ । तर, जिल्ला तहमा बनेको संयन्त्रप्रति आशंका गरिँदै आएको छ किनकि जिल्लामा त सत्ता साझेदारी गर्नुपर्दैन बरू यो तहको संयन्त्रले स्थानीय सरकारमाथि हस्तक्षेप गर्न सक्छ भन्ने धेरैको बुझाइ देखिन्छ । कांग्रेस र एमाले प्रमुख राजनीतिक शक्ति भएकाले जिल्ला तहमा यी २ दल मिल्दा विधिको शासन र शक्ति सन्तुलनमै समस्या आउन सक्ने उनीहरूको विश्लेषण छ । विशेषगरी विकास निर्माण र न्यायिक सम्पादनमा शक्तिको असर पर्ने खतरा भएकाले जिल्ला तहको संयन्त्रप्रति असन्तुष्टि देखिने गरेको थियो ।

तर, अब संसदीय फाँटमा पनि संयुक्त मोर्चा बनेपछि देश कांग्रेस-एमालेको सिन्डिकेटमा जाने खतरा बढेको आशंकालाई बल पुगेको छ किनकि सांसदहरू कानुन निर्माणका सन्दर्भमा सार्वभौम भएर प्रस्तुत हुनुपर्ने हो । त्यसै पनि कानुन निर्माणमा सांसदहरूमा दलको प्रभाव बलियो देखिने गरेको थियो । दलको प्रभावकै कारणले संविधानको भावना भन्दा पनि पार्टी प्रमुखको चाहनाअनुसार कानुन बन्ने गरेको छ । तर, अब संयन्त्र नै बनेपछि सांसदहरूले स्वतन्त्र अभिव्यक्ति दिने सीमा थप खुम्चिएको छ । संयन्त्रले छलफल गर्ने, त्यही सहमति जुटाउन प्रयत्न गर्ने र पारित हुने गर्दा जनप्रतिनिधिहरूको भूमिका कमजोर हुने छ । तसर्थ, संसद्मा समेत संयुक्त कार्यदल बनाउने कार्यलाई कांग्रेस-एमालेको सिन्डिकेट विस्तारका रूपमा बुझ्न सकिन्छ । यसतर्फ नेतृत्वको ध्यान जान जरूरी छ ।

# एनपीएलसँगै खुलेको सपना

*नेपालमा कुनै बेला बेलायततिरको सिको गरेर राणाहरूले आफ्ना सन्तान र परिवारबीच मनोरञ्जनका लागि पर्खालभित्र सुरु गरेको क्रिकेट अहिले हरेक नयाँ जन्मिने बालकको सपना बनिसकेको छ*

अग्रलेख



● डा. शोभाकर पराजुली

देशको खेल इतिहासमै पहिलो पटक भएको नेपाल क्रिकेट लिग (एनपीएल)को भव्यताले आम खेल क्षेत्रमा एक प्रकारको उत्साह र उमंग छाएको छ । यो नेपालको सबैभन्दा धेरै धनराशि लगानी गरिएको पहिलो घरेलु प्रतियोगिता हो ।

यसले देशीय मात्र नभई अन्तर्राष्ट्रिय रूपमा पनि चर्चा बटुल्न सफल भयो । यसले नेपाली खेल र खेलाडीको अन्तर्राष्ट्रिय परिचय उचाइमा पुर्‍याएको मात्र छैन, खेल क्षेत्रको विकासमा नयाँ आयाम पनि थपिदिएको छ ।

जसरी नेपाली खेलाडीको अन्तर्राष्ट्रिय परिचय उँचो भएको छ, त्योभन्दा अग्लो नेपाली क्रिकेटको परिचय अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरूले पनि बनाइदिएका छन् । एनपीएलमा सहभागी ८ फ्रेन्चाइज समूहका लागि विभिन्न देशबाट आएका दर्जनभन्दा बढी अन्तर्राष्ट्रिय खेलाडीले नेपाल र नेपाली खेलकुदलाई विश्व मञ्चमा पहिचान पुर्‍याउन सहयोग पुगेको छ ।

विदेशी खेलाडी नेपालको घरेलु प्रतियोगितामा भाग लिन आउँदा नेपाली खेलाडीमा उत्साह मात्र संचार भएको छैन बरु उनीहरूले नेपालको प्राकृतिक र नेपाली भूगोलको समेत परिचय विश्वमाझ पुर्‍याएका छन् ।

यसरी हेर्दा, क्रिकेटको यो घरेलु महाकुम्भले खेल मात्र नभएर आर्थिक, सामाजिक र पर्टकीय हिसाबले पनि देशलाई निकै फाइदा पुगेको छ र सँगसँगै क्रिकेटको यो महामेलाले खेलको मनोरञ्जन मात्र नभएर देशको अर्थतन्त्रलाई एउटा दिगो दिशा पनि दिएको छ । योसँगै एनपीएलएले सामाजिक एकता तथा साम्प्रदायिक सद्भावको सुगन्ध पनि छरेको छ ।

नेपालमा धेरै प्रकारका खेलहरू छन् । ती सबका आ-आफ्ना महत्त्व, मान्यता र इतिहास छन् । तिनले हाम्रो समाजलाई भावनात्मक र आत्मीय रूपमा पनि जोडिआएका छन् । कुनैकुनै खेलहरू यस्ता पनि छन्, जसले समुदायको पहिचान बोकेका हुन्छन्, इतिहास बोकेका हुन्छन् । ती आफैंमा हाम्रा समाजिक र सांस्कृतिक पहिचान पनि बनेका छन् । कतिपय खेलले नेपाललाई अन्तर्राष्ट्रिय रूपमा चिनाइरहेका छन् । त्यस्तै पछिल्लो समय नेपाललाई चिनाउने एउटा आयाम बनेको छ क्रिकेट ।

क्रिकेटको विश्व इतिहास सदियौं लामो छ । १६औं शताब्दीको सुरुवाततिर बाहिर खेलिन थालेको यो खेल नेपालमा भने १९औं शताब्दीतिर मात्र सुरुवात भएको देखिन्छ । त्यो बेलाको राजनीतिक र सामाजिक व्यवस्था अनि अवस्थाका कारण यो खेल कुनै बेला दरबारका पर्खालभित्र सीमित थियो अर्थात् शासकहरूले आफ्नो परिवारको मनोरञ्जनका लागि मात्र यो खेल खेल्न सुरु गरेका थिए ।

शासकीय दायराबाट बिस्तारै गल्ली र मैदानसम्म आइपुगेको क्रिकेटले अहिले चौतर्फी उत्साह थपिरहेको छ । साँघुरा गल्ली, खेलबारी र अप्ठ्यारा मैदानबाट उठेर नेपाली क्रिकेट अहिले विश्वस्तरीय प्रतिस्पर्धासम्म पुगिसकेको इतिहास छ । १६औं शताब्दीतिर युरोपबाट सुरु भएको यो खेल अब विश्वभरि फैलिइसकेको छ । र, यो खेल अब मनोरञ्जनका लागि मात्र रहेन बरु क्रिकेट अब धेरै राष्ट्रका लागि अर्थतन्त्रको एउटा हिस्सा बनिसकेको छ ।

नेपालमा कुनै बेला बेलायततिरको सिको गरेर राणाहरूले आफ्ना सन्तान र परिवारबीच मनोरञ्जनका लागि पर्खालभित्र सुरु गरेको क्रिकेट अहिले हरेक नयाँ जन्मिने बालकको सपना बनिसकेको छ । त्यसैमा उनीहरूले भविष्य देखिरहेका छन् र खोजिरहेका छन् । नेपालमा राणा शासनकालदेखि नै क्रिकेटको सुरुवात भएको देखिन्छ । २००४ सालमै नेपालमा क्रिकेट संघ गठन भएको थियो तर त्यसले २०५२ सालमा आएर मात्र अन्तर्राष्ट्रिय क्रिकेट संघबाट मान्यता पायो । यद्यपि, दरबारका पर्खाल नाघेर आमनागरिक स्तरमा क्रिकेट खेल २००६ सालदेखि नै खेल्न सुरु भएको इतिहास भेटिन्छन् । सुधार र आधुनिकतातिर झुकाव राख्ने कतिपय राणा शासकहरूले जनस्तरमै त्यो बेलादेखि क्रिकेट खेलाउन सुरु गरेका थिए । १९९९ सालतिर दरबार हाइस्कुलमा क्रिकेट खेलाइएको थियो तर खुल्ला रूपमा २०३७ सालतिर मात्र राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगिता आयोजना भयो । यस प्रतियोगितामा अंचलस्तरीय समूहहरू सहभागी भएका थिए ।

त्यसपछि विस्तारै गति लिन थालेको क्रिकेटले २०४६ साल तथा २०६३ सालपछि व्यावसायिक रूपमा पनि गति लिन थाल्यो । यसरी शासकको दरबारिया पर्खाल अनि साँघुरा गल्ली र घाँसे मैदानहरू हुँदै अहिले नेपाली क्रिकेट अब अन्तर्राष्ट्रिय स्तरसम्म पुगिसकेको छ । नेपाल अब एक दिवसीय क्रिकेटको मान्यताप्राप्त राष्ट्र मात्र होइन, विश्वकपको प्रतिस्पर्धासम्म पुगिसकेको देश बन्न सफल भएको छ । पुरुष क्रिकेट मात्र नभएर नेपालको महिला क्रिकेट पनि अहिले विश्वस्तरीय प्रतिस्पर्धामा भाग लिन सक्ने भइसकेको छ ।




खासगरी अहिले क्रिकेट खेल एसियाली राष्ट्रहरूको एउटा ढुकढुकीका रूपमा स्थापित भइरहेको छ । छिमेकी भारतमा त यो खेल हरेक नागरिकको आस्था जस्तै बनिसकेको छ । यहाँ क्रिकेटलाई मनोरञ्जन, आर्थिकोपार्जन अनि व्यवसाय मात्र होइन, यसलाई त धेरै भारतीयले आफ्नो राष्ट्रियताको मानकसमेत बनाइसकेका छन् । अर्थतन्त्रका हिसाबले हेर्ने हो भने त विश्व क्रिकेटको आधाभन्दा बढी हिस्सा भारतकै देखिन्छ । यसमा लगानी गर्नेहरूको तँछाडमछाँड मात्र होइन, त्यसले गर्दा धेरै खेलाडीको जीवनस्तर पनि उकासिएको छ ।

अहिले भारतमा स-साना प्रतियोगिताहरू मात्र होइन, टोलटोलका क्रिकेट खेलाडीहरूको समेत प्रमुख आर्थिक र जीवनको आधार यही खेल बनेको छ र बिस्तारै नेपालमा पनि अब हरेक खेलाडीले क्रिकेट खेलेरै जीवन धान्ने आधारहरू तयार भइरहेका छन् ।

भर्खरै सम्पन्न एनपीएलको पहिलो संस्करण त्यसकै एउटा जीवन्त उदाहरण हो । एनपीएलको पहिलो संस्करणमै देखिएको लगानीको उत्साहले नेपालको अर्थतन्त्रलाई चलायमान बनाएको छ । यसको सुरुवाती भव्यताले एकातिर क्रिकेटमाथि लगानी सम्भावनाका ढोकाहरू खुलेका छन् भने यसबाट अरू व्यापार व्यवसायमा पनि फाइदा नै पुगेको छ ।

नयाँ पुस्ताका खेलाडीहरूलाई आकर्षित गर्न मद्दत गरेको छ भने स्थापित खेलाडीहरूलाई पनि अब भविष्यका लागि देशै छाड्नुपर्ने बाध्यता हट्दै छ भन्ने सन्देश दिएको छ । खेल खेलेरै नेपालमा पनि आरामदायी जीवन बाँच्न सकिन्छ भन्ने एनपीएलले सन्देश छाडेको छ ।

हरेक खेल जति व्यक्ति वा उसको व्यक्तिगत स्वास्थ्य तथा मनोरञ्जनका लागि आवश्यक छ, त्यत्तिकै राष्ट्र र राष्ट्रियताका लागि पनि खेल क्षेत्र सबल हुन जरुरी छ । तर, हाम्रो राज्यको नीतिगत तहमै खेल क्षेत्रलाई उति प्राथमिकता दिएको देखिँदैन । त्यसमा पनि खेल अनि खेलाडीको वृत्ति विकासका लागि गठन भएका संघसंस्थाहरूमै राजनीति घुस्दा अझ तहसनहस हुँदै गइरहेको अवस्था छ ।

टोलका गल्लीहरू हुँदै अन्तर्राष्ट्रिय मैदानसम्म पुगिसकेको नेपाली क्रिकेटको अवस्था पनि त्योभन्दा फरक छैन । क्रिकेटमात्रै होइन, अहिलेसम्म जति पनि खेलमा नेपालको नाम गाँसिएको छ, त्यो सब खेलाडीको आफ्नो मिहिनेत र परिश्रमबाट मात्र सम्भव भएको देखिन्छ । राज्यले न खेल क्षेत्रमा लगानी गरेको छ, न त खेलाडीलाई प्रोत्साहन गर्न सकेको छ ।

> एनपीएलको पहिलो संस्करणमा खेलाडी, खेल क्षेत्र वा आर्थिक तथा सामाजिक क्षेत्रमा जुन खालको उत्साह, उमंग र गतिशीलता देखिएको छ, त्यसलाई राज्यले अवसरका रूपमा लिनुपर्छ । सबैभन्दा पहिला खेल क्षेत्रमा झाँगिएको राजनीतिको अन्त्य हुनुपर्छ

अन्तर्राष्ट्रिय स्तरसम्म पुगिसकेको क्रिकेटको हकमा पनि राज्यको यही र यस्तै उदासीनता छ । अहिलेसम्म नेपालमा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको क्रिकेट मैदानसमेत छैन । अन्तर्राष्ट्रिय क्रिकेट संघको आधिकारिक मान्यता पाइसकेपछि २०५५ सालमा नेपालले पहिलो पटक अन्तर्राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगिताको आयोजना गर्ने मौका पाएको थियो । त्यही मौकामा कीर्तिपुर र पुल्चोकमा क्रिकेट मैदानहरू बनेका थिए । यद्यपि, पहिलोपल्ट भएको त्यो अन्तर्राष्ट्रिय स्तरको एसीसी ट्रफीमा नेपाल सबै खेलहरूमा पराजित भयो ।

तथापि, त्यसबाट नेपालमा क्रिकेटको व्यावसायिक यात्राको सुरुवात भएको मानिन्छ । त्यो बेला बनेको क्रिकेट मैदान नेपालमा ठूला प्रतियोगिताहरू खेल्ने र खेलाउने एक मात्र रंगशाला हो । यति हुँदासम्म पनि राज्य रंगशालालगायत खेल क्षेत्रको भौतिक विकासमा खासै उदार भएको देखिँदैन । ठाउँठाउँमा मैदानहरू बन्न सुरु भए पनि राज्यले त्यसको अपनत्व नलिँदा ती लथालिंग अवस्थामा छन् । खेल क्षेत्रको यो भौतिक दुरवस्थासँगै सयौं खेलाडीको पनि त्यस्तै अवस्था छ । एनपीएलकै बेला थाहा भयो, विश्वभरि थुप्रै त्यस्ता राम्रा नेपाली खेलाडीहरू पनि छन् । यही प्रतियोगिता खेल्नका लागि विश्वका ठूलाठूला क्लबहरूमा खेल्ने नेपाली मूलका खेलाडीहरू पनि एनपीएलमा सहभागी भए । उनीहरूलाई नेपालमै बस्ने वातावरण बनाउनु राज्यको दायित्व हो ।

त्यस्तै, मैदानहरूको अन्तर्राष्ट्रिय मापदण्डअनुसारको स्तरोन्नतिले अरू पनि थुप्रै अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताहरू यहाँ खेलाउन सकिन्छ भन्ने सन्देश पनि एनपीएलले छाडेको छ ।एनपीएलको पहिलो संस्करणमा खेलाडी, खेल क्षेत्र वा आर्थिक तथा सामाजिक क्षेत्रमा जुन खालको उत्साह, उमंग र गतिशीलता देखिएको छ, त्यसलाई राज्यले अवसरका रूपमा लिनुपर्छ । सबैभन्दा पहिला खेल क्षेत्रमा झाँगिएको राजनीतिको अन्त्य हुनुपर्छ अनि राज्यले नीतिगत तहमै खेल क्षेत्रको भौतिक विकास र खेलाडीको व्यक्तिगत जीवनका लागि निर्णायक भूमिका खेल्नुपर्छ ।

## इतिहासमा आज

२५ डिसेम्बर २००८ मा भारतले अन्तरिक्षमा पठाएको चन्द्रयान- १ को ११ मध्ये एउटा पेलोडर्सले चन्द्रमाको नयाँ तस्बिर पठाएको थियो ।



२५ डिसेम्बर १९७४ मा इटालीको रोमतर्फ गइरहेको एयर इन्डियाको बोइङ ७४७ विमान अपहरण भएको थियो ।




२५ डिसेम्बर १९६२ मा सोभियत संघले नोवाया जेमल्या क्षेत्रमा परमाणु परीक्षण गरेको थियो ।



२५ डिसेम्बर १९७७ मा हलिउडका चर्चित चलचित्र अभिनेता चार्ली च्यापलिनको निधन भएको थियो ।



## सामाजिक सञ्जाल



कृष्ण पोखरेल

सरकारका प्रवक्ता एवं मन्त्री पी. एस. गुरुङले भनेछन्, 'पहिलो र दोस्रो ठूलो दल मिलेर सरकार बनाउने विषय संसदीय प्रणालीमा बिरलै हुने घटना हो ।' अझ दोस्रो ठूलो दलले सरकारको नेतृत्व गर्ने र पहिलो ठूलो दल दोस्रोले देला अनि प्रधानमन्त्री खाऊँला भनी कुरेर बस्नुपर्ने त झन् महादुर्लभ घटना हो नि !

हालका राजनीतिक नेता अपवादबाहेक अरूको आलोचना गरेर माथि आएका हुन् । यिनका भिजन र एजेन्डा भनेकै गाली गर्नु हो । जसरी एउटा नेतालाई सम्पत्ति शुद्धीकरणको मुद्दा लगाइएको छ, त्यो लगाउन निर्देश गर्ने र लगाउनेहरू त्यो चौघेराभन्दा माथि छन् त ! जनसेवाभन्दा भ्रष्टाचार आजको राजनीतिको अभीष्ट हो !



केपी अर्याल



पुरुषोत्तम ढुंगेल

राजनीतिले त्याग, बलिदान खोज्छ । इतिहासमा पढ्यो । नि:स्वार्थ, इमान्दार खोज्छ, विश्व राजनीतिमा देख्यौं । पार्टी भनेको व्यक्ति वा परिवार कदापि स्वीकार गर्दैन देश र जनताले । नेता सधैं नैतिकवान् र चरित्रवान् खोज्छन्, देश र जनताले । नेतामा भूत, वर्तमान र भविष्य तिनैमा स्वच्छ चाहन्छन् देश र जनता । अरू सब फगत् !

अन्ततः सम्पत्ति शुद्धीकरणको हतियार राजनीतिक नेतृत्वमाथि पनि प्रयोग भयो । अब यो 'हतियार'ले लहरो तान्दा पहरो गर्जनेवाला छ, यो सबैभन्दा खुसीको कुरा हो । यो कोही न कोहीबाट सुरु हुनुपर्थ्यो, अन्ततः भयो पनि ।



प्रकाश तिमिल्सिना

# एनपीएल : नेपाल चिनाउने प्रतियोगिता

विचार



● शंकरमान सिंह

विगतमा नेपालको सबैभन्दा लोकप्रिय खेल फुटबल थियो र नि:सन्देह शीर्ष २ मा क्रिकेट हुनुपर्छ । भारतीय उपमहाद्वीपको देश भएकाले यो कुनै अचम्मको कुरा पनि होइन । नेपालीहरूको सधैं भारतसँग घनिष्ठ सम्बन्ध छ र यसको परिणाम उनीहरू धार्मिक रूपमा खेलको पालना गरेका छन् ।

नेपाललाई क्रिकेट राष्ट्रको रूपमा अगाडि बढ्नबाट रोकेको भनेको कमजोर पूर्वाधार र केही हदसम्म उनीहरूको आनुवंशिक समस्या हो भन्ने भ्रम रहेछ । प्रबल इच्छाशक्ति र समर्पण भएमा अरू केही नचाहिने रहेछ भन्ने अहिले भर्खर सम्पन्न नेपाल क्रिकेट लिगले देखाएको छ ।

हालै सम्पन्न नेपाल क्रिकेट लिगले देशमा हलचल मच्चाएको छ । यसअघि राष्ट्रिय स्तरको प्रतियोगिताले स्वदेशी तथा अन्तर्राष्ट्रिय दर्शकमाझ यस्तो चर्चा सिर्जना गरेको थिएन । इन्डियन प्रिमियर लिग हेरेर हुर्केका नेपाली क्रिकेट फ्यान अब कम्तीमा ८ टोली सम्मिलित आफ्नै अन्तर्राष्ट्रिय फ्रेन्चाइज लिग हेर्न पाउँदा उत्साहित भए, जहाँ 'फेस्टिभल अफ हिमालय'मा पूर्वभारतीय ओपनर शिखर धवन, न्युजिल्यान्डका अलराउन्डर जिम्मी निसम, डच माइकल लेभिट, नामिबियाका गेर्हार्ड इरास्मस र अस्ट्रेलियाका बेन कटिङ जस्ता ठूला क्रिकेटका नामहरू सामिल हुने कुरा निकै नै महत्त्वपूर्ण थियो ।

नेपाल क्रिकेट लिग (एनपीएल)को पहिलो संस्करण नेपाली क्रिकेटको इतिहासमा ठूलो टर्निङ प्वाइन्ट बनेको छ । देशको पहिलो फ्रेन्चाइजमा आधारित टी- २० क्रिकेट प्रतियोगिताको रूपमा, प्रतिष्ठित एनपीएलले अन्तर्राष्ट्रिय खेलाडीहरूसँग स्थानीय प्रतिभाको संयोजन गरेर राष्ट्रमा क्रिकेटमा व्यावसायिकताको नयाँ स्तर ल्याएको छ ।

एनपीएलले अन्तर्राष्ट्रिय मान्यता पाएसँगै नेपाल अब क्रिकेटका लागि आकर्षक गन्तव्य बनेको र विश्व क्रिकेटको मानचित्रमा नेपाल देखिने र सुनिने भएको छ र यसले नेपालमा समग्र क्रिकेटको सन्दर्भमा प्रगति गरेको छ भन्नुमा अत्युक्ति नहोला ।

विगतलाई सर्सरी हेर्दा, नेपालमा वार्षिक रूपमा आयोजना हुने पुरुष ट्वान्टी-ट्वान्टी क्रिकेट लिग थियो । नेपाल क्रिकेट संघ (क्यान)द्वारा स्थापित लिगमा ८ प्रान्त/शहरमा आधारित फ्रेन्चाइज टोलीहरू थिए ।

नेपाल क्रिकेट लिगको लोगोले नेपालको भावना र सम्पदा झल्काउँछ । लोगोले नेपालीहरूको वीरता र नेपाली क्रिकेटको सारलाई प्रतीकात्मक खुकुरीलाई क्रिकेट ब्याटसँग जोडेको छ । यसले नेपालका राष्ट्रिय प्रतीकहरूबाट प्रेरित तत्त्वहरू पनि समावेश गर्छ : झन्डाबाट सूर्य र चन्द्रमा, नेपालको क्रिकेटलाई विश्वव्यापी रूपमा माथि उठाउने महत्त्वाकांक्षाको प्रतिनिधित्व गर्ने र क्रिकेटको प्रतिध्वनित गर्ने बग्ने नदीहरू पनि समावेश छन् । डिजाइन माउन्ट एभरेस्टबाट प्रेरित छ, विश्वव्यापी क्रिकेट मैदानमा नयाँ उचाइमा पुग्न लिगको आकांक्षाको प्रतीक हो ।

इन्डियन प्रिमियर लिग र अस्ट्रेलियाको बिग ब्यास जस्ता विश्वव्यापी फ्रेन्चाइजी क्रिकेट प्रतियोगिताहरूबाट प्रेरित प्रतिस्पर्धात्मक संरचनाका साथ एनपीएलले नेपाली सरोकारवालाहरूलाई क्रिकेट मामिलालाई नयाँ स्तरमा विकास गर्ने अवसर प्रदान गरेको छ । नेपाल क्रिकेट लिगको उत्साह क्रिकेटप्रेमीहरूमा सीमित छैन । नेपालको सुस्त अर्थतन्त्रमा र दैनिक जीवनको एकरसताको बीचमा, विशेषगरी युवाहरूमाझ, एनपीएलले मानिसहरूलाई ऊर्जा र प्रेरणा दिने योगदानले खेलकुदको क्षेत्रभन्दा बाहिर आफ्नो प्रभाव विस्तार गरिरहेको छ ।

> नेपाललाई क्रिकेट राष्ट्रको रूपमा अगाडि बढ्नबाट रोकेको भनेको कमजोर पूर्वाधार र केही हदसम्म उनीहरूको आनुवंशिक समस्या हो भन्ने भ्रम रहेछ । प्रबल इच्छाशक्ति र समर्पण भएमा अरु केही नचाहिने रहेछ भन्ने अहिले भर्खर सम्पन्न नेपाल क्रिकेट लिग (एनपीएल)ले देखाएको छ

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा २५ हजार दर्शक/फ्यानहरूको गुञ्जायमानले एनपीएलले शहरलाई क्रिकेट कार्निभलमा परिणत गरेको प्रमाण हो ।

यो नोभेम्बरमा सुरु भई २१ डिसेम्बरसम्म चलेको क्रिकेट प्रतियोगिता मात्र होइन, यो एक सांस्कृतिक र आर्थिक घटनाको रूपमा समेत स्थापित भएको छ । करिब १ अर्बको कारोबार भए पनि त्यसको ५ गुणा नदेखिनेगरी प्रभावित भएमा ५ अर्ब रुपैयाँजतिको अर्थ चलायमान भयो भने नेपालको पर्यटन उद्योगका लागि यो 'एक्सपोजर'का लागि एक अनुपम मौका पनि रह्यो । एनपीएलको प्रभाव क्रिकेट पिचको सीमा रेखाभन्दा परसम्म फैलिएको छ । फ्रेन्चाइज अधिकार र विदेशी खेलाडी लिलामीदेखि होटेल बुकिङ र विज्ञापनसम्म प्रतियोगिताले आर्थिक गतिविधिको व्यापक दायरालाई फराकिलो बनाएको छ । बदाम विक्री गर्ने, सडक छेउका खानेकुराहरू र पठाओ जस्ता सवारी सेवाहरू सबै लाभान्वित भएका छन् ।

प्रतियोगिताले नेपालको संघीयतालाई पनि केन्द्रमा ल्याएको छ । देशका ७ प्रदेशको प्रतिनिधित्वमा काठमाडौं गोर्खा, चितवन राइनोज र पोखरा एभेन्जर्स गरी ८ टोली थिए । यी टोलीहरूले अन्तर-प्रादेशिक सौहार्द र सकारात्मक प्रतिस्पर्धाको भावना सिर्जना गरेको अनुभूत हुन्थ्यो ।

शिखर धवन, बेन कटिङ, जिम्मी निसम र मार्टिन गुप्टिल जस्ता ४० जना सेलिब्रेटी क्रिकेटरहरू लिगमा खेल्दै एनपीएलले अन्तर्राष्ट्रिय ध्यान पनि आकर्षित गरेको छ । क्रिकेट लिजेन्ड ब्रायन लारा प्रख्यात कमेन्टेटरहरू र प्रशिक्षकहरूको साथमा उपस्थित रहेको पनि यसको उल्लेखनीय पक्ष रह्यो । अन्तर्राष्ट्रिय ताराहरूको उपस्थिति र ठूलो मात्रामा टेलिभिजनमार्फत प्रसारणले एनपीएललाई नेपालमा खेलकुद पर्यटनका लागि सम्भावित चालकको रूपमा स्थापित गरेको छ ।

सर्सरी हेर्दा, एनपीएलको सफलताले क्रिकेटमा नेपालको बढ्दो 'सफ्ट पावर'लाई झल्काउँछ । छिमेकी मुलुक भारतका विदेशमन्त्रीले केही समय अगाडि आफ्नो भ्रमणको क्रममा क्यानका अधिकारी र खेलाडीहरूसँगको भेटले द्विपक्षीय सम्बन्ध र अन्तर्राष्ट्रिय मान्यता बढाउन लिगको सम्भावनालाई जोड दिएको समेत स्मरण हुन्छ । विश्व स्तरमा शीर्षमा रहेको क्रिकेट खेल्ने देशको सूचीमा नेपाल दक्षिण एसियाको अग्र देश हुने सम्भावना एनपीएलको आयोजना यसको प्रत्यक्ष प्रसारणले निकै सम्भावना देखाएको छ । यसै सन्दर्भमा, नेपालमा एनपीएलले राम्रो विरासत नेपाली समुदायमा छाडेर गएको छ, जसले नेपाली क्रिकेटको इतिहासमा कायापलट गर्न सक्छ । के संघीय सरकार, स्थानीय सरकार, राज्य संयन्त्रहरू, राष्ट्रिय खेलकुद परिषद्, क्यान यसका लागि तयार छन् ? अहिलेका लागि यो सबैभन्दा प्रमुख प्रश्न बनेको छ । आशा एवं विश्वास छ कि आउँदा दिनहरू अझ बढी उत्साहप्रद हुने छन् ।

# स्वास्थ्य सेवा कार्यालय सल्यानमा प्रदेश सरकारका चिकित्सकलाई भेदभाव




**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ९ पुस

स्वास्थ्य सेवा कार्यालय सल्यानको स्वास्थ्य सेवा व्यवस्थापक पदमा कार्यरत डा. अर्जुनकुमार बुढा विवादमा तानिएका छन् । विगत १४ महिनादेखि स्वास्थ्य सेवा कार्यालय सल्यानमा कार्यरत बुढाले प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेशबाट सिफारिस भई पदस्थापन भएका मेडिकल अधिकृतलाई जिम्मेवारी नदिएको आरोप लागेको छ ।

उनले प्रदेशबाट सिफारिस भइआएका चिकित्सकलाई अझैसम्म जिम्मेवारी हस्तान्तरण गरेका छैनन् । प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेशबाट सिफारिस भइ पदस्थापन भएका मेडिकल अधिकृत भूपेन्द्र बजगाईंलगायतका ३ जना चिकित्सकलाई जिम्मेवारी हस्तान्तरण गर्नुपर्नेमा बुढाले उल्टै कार्यसम्पादन मूल्यांकन अंक घटाउनेसम्मको धम्की दिइ त्रासमा राखेको पीडित कर्मचारीको आरोप छ । मेडिकल सुपरिटेन्डेन्ट( मेसु)प्रदेश सरकारका चिकित्सक हुनुपर्नेमा स्थानीय तहका चिकित्सकले गैरकानुनी रूपमा मेसु पद सम्हालिरहेका छन् ।

प्रदेश लोकसेवाबाट सिफारिस भइआएका चिकित्सकहरूलाई एक समूह च्याटमा बुढाले आफूले भनेको नमाने अंक (कासमु) घटाइदिने धम्की दिएको प्रमाण पीडित एक चिकित्सकले मध्यान्हलाई उपलब्ध गराएका छन् । पीडित चिकित्सकले स्वास्थ्य सेवा कार्यालय सल्यानको बजेटमा बुढाले अनियमिततासमेत गरिरहेको गुनासो गरे । अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सामाजिक विकास मन्त्रालयले यो विषयलाई नजर अन्दाज गर्नु गम्भीर विषय भएको उनको भनाइ छ । स्थानीय तहमा समायोजन भइ गएको र स्थानीय तहको कर्मचारी भएको व्यक्तिले प्रदेशअन्तर्गतको अस्पतालमा हाजिर भइ कामकाज गर्नु र अझ नेतृत्व लिनु अख्तियारको गम्भीर दुरुपयोग भएको पीडित चिकित्सक बताउँछन् ।

स्वास्थ्य सेवा कार्यालय सल्यानमा कार्यरत डा.बुढाले आफू समायोजन भएको स्थानीय तह( बागचौर नगरपालिका) सल्यानमा गइ चिकित्सकीय सेवा दिनुपर्नेमा जिल्ला अस्पतालमै बसेर कामकाज गर्नु र उक्त पदमा नयाँ सिफारिस भइ आएका चिकित्सकलाई ठाउँ नछाड्दासमेत प्रदेश सरकारले लाचारी मात्रै व्यक्त गरिरहेका छ । कर्मचारी समायोजन ऐन २०७५ अनुसार कुनै कर्मचारीलाई स्थानान्तरण गर्दा समायोजनको तह र स्थान अनुसार कामकाज गर्नुपर्ने प्रावधान छ । तर बुढाले उक्त ऐनको उल्लंघन गर्दै जिल्ला अस्पतालको बजेट र तोकिएको जिम्मेवारीमासमेत हस्तक्षेप गरेका छन् ।

बुढाको गतिविधिमा कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको समेत मौन समर्थन रहेको छ । पटक-पटक अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुर्खेतमा स्वास्थ्य सेवा कार्यालय सल्यानमा पदको दुरुपयोग भएको भन्दै उजुरी पर्दा समेत अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मौनता साधेको पीडितको भनाइ छ । कर्णाली प्रदेश निजामती सेवा ऐन २०८० को दफा २६ को उपदफा ९ मा उल्लेख भए अनुसार 'प्रदेश निजामती सेवाको कुनै सेवा, समूह, उपसमूह वा तहको दरबन्दीमा अन्य सेवा, समूह, उपसमूह वा तह वा स्थानीय तहको सेवाका कर्मचारीलाई काजमा खटाउन सकिने छैन ।'

बुढाले प्रदेश सरकार अन्तर्गत सिफारिस भएका मेडिकल अधिकृतलाई विभिन्न डर, त्रास र धम्की दिइ स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा बेथिति र अन्याय गरेको देखिन्छ ।

यसबारेमा बुझ्न खोज्दा चिकित्सक बुढाले आफू २०७३ फागुन २२ गतेदेखि स्वास्थ्य सेवा कार्यालयमै कार्यरत रहेको जानकारी दिए । आफ्नो दरबन्दी बागचौरमा नभइ उक्त कार्यालयमै भएको उनको दाबी छ । 'मेरो दरबन्दी स्वास्थ्य सेवा कार्यालयमै हो । मैले एमडी गरेर आइसकेपछि स्वास्थ्य मन्त्रालयले यो विषयलाई टुंग्याइसकेको छ,'उनले भने । बुढाको दरबन्दी त्यहाँ नभइ बागचौरमै भएको उक्त कार्यालयकै एक जना कर्मचारीले नाम उल्लेख नगर्ने सर्तमा जानकारी दिए ।

उनले कार्यालयको निमित्त प्रमुखको जिम्मेवारी दिँदा सिनियर कर्मचारी(अर्का एकजना) एमडी डाक्टरलाई दिएको दाबी गरे । उक्त कार्यालयमा एमडी डाक्टर बुढाबाहेक अरू छैनन् । सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले स्थानीय तहमा समायोजन भएका मेडिकल अधिकृत बुढा नै प्रदेश अन्तर्गतको जिल्ला अस्पतालमा कार्यालय प्रमुखको जिम्मेवारीमा भएको स्वीकार गरे ।

# त्रिशूली अस्पतालमा दूरबिन विधिद्वारा स्वास्थ्य सेवा

**नुवाकोट/मस**–त्रिशूली अस्पतालले नवीनतम स्वास्थ्य सेवा विस्तार गर्दै आधुनिक प्रविधिको प्रयोगद्वारा अपरेसन र जाँच सेवा उपलब्ध गराउन सुरु गरेको छ । अस्पतालमा डा.राजेन्द्र लामा, सौरभ सुमन यादव, र पार्वती गौतमको नेतृत्वमा ल्याप्रोस्कोपिक सर्जरी (दूरबिन विधिद्वारा पित्तथैलीको अपरेसन), इन्डोस्कोपी सेवा, र पिसाब नली तथा थैलीको जाँच सेवा सञ्चालनमा छ ।

आजको दिनमा पिसाब थैलीको जाँच गर्दा, पिसाब थैलीमा मासु पलाउने रोगको प्रारम्भिक निदान भएको छ । यो रोग सम्भावित रूपमा क्यान्सरको प्रारम्भिक चरण हुन सक्ने भएकाले थप परीक्षण र उपचार प्रक्रियाका लागि तयारी गरिएको छ । त्रिशूली अस्पतालको यो प्रयासले नुवाकोट, रसुवा र धादिङको जनतालाई आधुनिक स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध हुनुका साथै जटिल रोगहरूको समयमै पहिचान र उपचार गर्न सघाउ पुर्‍याउने विश्वास गरिएको छ ।


## हिमालयन खाद्य एवम् प्याकिङ्ग उद्योग लिमिटेडको पन्ध्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**आदरणीय शेयरधनि महानुभावहरु**
हिमालयन खाद्य एवम् प्याकिङ्ग उद्योग लिमिटेडको संचालक समितिको मिति **२०८१ साल मंसिर २४** गते **सोमबार**का दिन भएको निर्णय अनुसार निम्न लिखित मिति, समय र स्थानमा नियमित **पन्ध्रौं वार्षिक साधारणसभा** गरिने भएकाले उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति** : २०८१ साल पौष १४ गते आइतबार, (29, December, 2024)
**समय** : विहानको ९:०० बजे ।
**स्थान** : साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. को सभाहल, कालीमाटी, काठमाडौं ।

**विषय सूची**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन पास गर्ने ।
२. आ.व. २०८०।८१ को आर्थिक विवरण, बासलात, नाफा नोक्सान, हिसाब तथा लेखा परिक्षकको प्रतिवेदन पारित गर्ने ।
३. आर्थिक वर्ष २०८१।८२ को लागि लेखा परिक्षकको नियुक्ती गर्ने ।
४. विविध ।

**संचालक**
**हिमालयन खाद्य एवम् प्याकिङ्ग उद्योग लिमिटेड**



## Qatar मा रोजगारको अवसर SUNNA AL SAADAH LILKHIDMAT

पूर्व स्वीकृती मिति: २०८१/०९/०९ चलानी नं.: ६०२३०१८४ LT No. 315962

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Gen Clean Worker | 0 | 5 | काममा दक्ष | 1000 | ३७,३००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८१ पौष १७ गते (1 Jan.,2025) यस प्रा. लि. कार्यालय सिनामंगल, काठमाडौमा हुनेछ ।

GOLDEN CROWN OVERSEAS PVT. LTD. Lic. No.: 1706/081/82
Binayak Marg, Sinamangal, Kathmandu, Tel.: 01-5922362
Email : goldencrown514@gmail.com, Web: gcopl.com



## कुवेतमा रोजगार

कम्पनी : NESTO HYPERMARKET COMPANY W.L.L शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०९/०९ चलानी नं.: ६०२३०२१४ L.T.No.: 315970

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WAREHOUSE WORKERS | 150 | 0 | स. काममा दक्ष | 100 | ४४,१०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Packwell international trading company शहर : Jeddah
पूर्व स्वीकृत मिति: २०८१/०९/०९ चलानी नं.: ६०२३०२१३ L.T.No.: 315993

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOADING AND UNLOADING | 3 | 0 | स. काममा दक्ष | 1000 | ३६,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TWENTY FIFTY CONTRACTING ESTABLISHMENT शहर : Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/०९/०९ चलानी नं.: ६०२३०२१५ L.T.No.: 315930

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelves Packing Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३६,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस १७ गते (1 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.), गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
Kathmandu No: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192, 9823301035
Butwal: 9802676987, Jhapa: 9801427302, 9801427305



## साउदीमा रोजगार

कम्पनी: AL YAMAMA COMPANY FOR TRADING & CONTRACTING शहर: RIYADH पुनः विज्ञापन
पूर्व स्वीकृत मिति: २०८१/०५/०७ चलानी नं.: ६०२२४०६० L.T. No.: 309406

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 100 | 0 | स. काममा दक्ष | 1200 | ४३,४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

## UAE मा रोजगार

कम्पनी : CAPITAL CATERING AND SERVICES- SOLE PROPRIETORSHIP L.L.C. शहर: ABU DHABI
पूर्व स्वीकृत मिति:२०८०/०६/०१ चलानी नं.:६०२०७८४४ LT. No.: 292547 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/waitress | 5 | 21 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,४०० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Cook/ Commi Iii | 61 | 0 | | 1200 | ४४,४०० | | | | | | | |
| 3. | Commi Cook | 11 | 0 | | 1800 | ६६,६०० | | | | | | | |
| 4. | Assitant Chief Steward | 5 | 0 | | 2500 | ९२,५०० | | | | | | | |
| 5. | Assistant Catering Supervisor | 5 | 0 | | 2500 | ९२,५०० | | | | | | | |
| 6. | Assitant Cleaning Supervisor | 5 | 3 | | 2500 | ९२,५०० | | | | | | | |
| 7. | Asst Storekeeper | 5 | 0 | | 1500 | ५५,५०० | | | | | | | |
| 8. | Baker | 5 | 0 | | 1800 | ६६,६०० | | | | | | | |
| 9. | Butcher | 1 | 0 | | 2000 | ७४,००० | | | | | | | |
| 10. | Cashier | 10 | 5 | | 1500 | ५५,५०० | | | | | | | |
| 11. | Catering Supervisor | 5 | 3 | | 2500 | ९२,५०० | | | | | | | |
| 12. | Chief Steward | 5 | 0 | | 2500 | ९२,५०० | | | | | | | |
| 13. | Cleaning Supervisor | 5 | 0 | | 2500 | ९२,५०० | | | | | | | |
| 14. | General Helper | 50 | 0 | | 1092 | ४०,४०४ | | | | | | | |
| 15. | Heavy Drivers | 19 | 0 | | 2800 | १०३,६०० | | | | | | | |
| 16. | Technician | 10 | 0 | | 2163 | ८०,०३१ | | | | | | | |
| 17. | Catering Assitant | 5 | 0 | | 1092 | ४०,४०४ | | | | | | | |
| 18. | Logistics Assitant | 25 | 0 | | 1092 | ४०,४०४ | | | | | | | |
| 19. | Steward | 46 | 24 | | 930 | ३४,४१० | | | | | | | |
| 20. | Technician male | 15 | 0 | | 2500 | ९२,५०० | | | | | | | |
| 21. | Office Boy / Office Girl | 10 | 10 | | 1100 | ४०,७०० | | | | | | | |
| 22. | Pastry Cook | 9 | 0 | | 2000 | ७४,००० | | | | | | | |
| 23. | Pest Controller | 5 | 0 | | 1400 | ५१,८०० | | | | | | | |
| 24. | Salad Maker | 10 | 0 | | 1800 | ६६,६०० | | | | | | | |
| 25. | Sandwich Maker | 10 | 0 | | 1800 | ६६,६०० | | | | | | | |
| 26. | Store Assistant | 14 | 0 | | 1092 | ४०,४०४ | | | | | | | |
| 27. | Cleaner | 24 | 24 | | 930 | ३४,४१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १७ गते (1 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.
गोंगबु-६, काठमाडौं, नेपाल, फोन: ५९०६९२३, ५९०४९५१, Email : cv.protechnepal@gmail.com
Contact No:9840006120, 9851052907
श्रम इजाजत नं. ७९०/०६५/०६६



## साउदीमा रोजगार

कम्पनी : SHAHAD AL KHALEEJ MANUFACTURING FACTORY. शहर : Riyadh
पुर्व स्वीकृत मिति: २०८१/०९/०९ चलानी नं.: ६०२३०१८१ LT. No.:315929

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker (Semi Skilled) | 2 | 0 | स. काममा दक्ष | 1000 | ३६,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १७ गते (1 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

एस.एल.डी ईन्टरनेशनल प्रा.लि. श्रम इजाजत नं. ६७२/०६३/६४
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१- ५९०२८२४, ५९०२८२५ मो.:९८५१०४७३६५, ९८१८६२८४४८.



## साउदीमा रोजगार

कम्पनी: DAFA INTERNATIONAL INDUSTRIAL COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०९/०९ चलानी नं.: ६०२३०१६३ LT. No.: 315913

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 2 | 0 | स. काममा दक्ष | 1200 | ४३,४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १७ गते (1 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

सक्षम ह्युमन रिसोर्सेज प्रा.लि.
३०५/२५ एशोर्य मार्ग, कोटेश्वर-३५, काठमाडौं ,नेपाल, फोन: 01- 5100754
Email: excelnp1@gmail.com, sakshamhr@gmail.com/ Website: www.shrnepal.com
इजाजत नं. ९२७/०६७/०६८



## युएईमा रोजगार

कम्पनी: AMAN SECURITY & GUARD SYSTEMS.LLC.CO शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/०९ चलानी नं.: ६०२३०१७८ L.T. No.: 315882

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 40 | 10 | स. काममा दक्ष | 800 | २९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ पुस १७ गते (1 January 2025) मा हुनेछ ।

